# परिच्छेद : एक

# परिचय

यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्त्व तथा उद्देश्यहरू, सम्बन्धित शोधपत्रका अनुसन्धानात्मक प्रश्नहरू लगायत अध्ययनका परिसीमाहरूलाई समेटिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस एक चेतनशील, विवेकशील प्राणी हो, उसले जीवनपर्यन्त शिक्षा आर्जन गरिरहेको हुन्छ । शिक्षा कुनै पनि व्यक्तिमा अन्तर्निहित अवस्थामा रहेको प्रतिभालाई प्रस्फुटन गराई व्यक्तिको सर्वाङ्गिण विकासमा मद्दत पुऱ्याउने एक महत्वपूर्ण र सशक्त माध्यम हो । व्यक्ति, समाज र राष्ट्रको विकासका लागि शिक्षा एक अपरिहार्य साधन हो । व्यक्तिलाई परिवर्तित समाजमा समायोजन गराउन तथा व्यक्तिमा उचित ज्ञान, सीप र अवधारणाको विकास गराई व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने एक महत्वपूर्ण कडि नै शिक्षा हो । यसैको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता अनुरुपको दक्ष जनशक्ति उत्पादन हुने मात्र हैन व्यक्तिको जीवन समय सापेक्ष निर्माण गर्नमा समेत अद्वितीय भूमिका खेलेको हुन्छ (काफ्ले र अन्य, २०६०) ।

मानिसले आफ्नो जीवनलाई सुखी, सम्पन्न, समय सापेक्ष निर्माण गर्नका लागि उसले अनौपचारिक रुपमा शिक्षा त जन्मेदेखि नमरुन्जेल सम्म नै लिइरहेकै हुन्छ । तर यतिले मात्र उसलाई शिक्षाको आवश्यकता पूर्ण नहुने भएकाले औपचारिक रुपमा समेत शिक्षा आर्जन गर्नुपर्ने देखिन्छ, यसको निम्ति व्यक्तिले पूर्व प्राथमिकदेखि उच्च शिक्षा समेत अध्ययन गरी आफ्नो जीवनका आवश्यकता पूरा गरिहेको हुन्छ । यस क्रममा नेपालमा स्थापित र सञ्चालित लामो इतिहास बोकेको विद्यालय शिक्षा प्रणाली अन्तर्गत प्राथमिक शिक्षा मूल आधार हो ।

शिक्षा विकासको क्रमलाई हेर्दा शुरुमा शिक्षा लिने र दिने कार्य एउटा समित घेरामा थियो । शुरुमा परिवारका जेष्ठ सदस्यहरूले आफ्ना साना नानीहरूलाई असल बानी व्यहोरा, घर व्यवहारका कुराहरू सिकाउने आदिमा मात्र सीमित थियो । त्यतिबेला शिक्षाको कुनै लक्ष्य,

उद्देश्य, पाठ्यक्रम, पाठ्यपुस्तकहरू नभएको पाइन्छ । पछि मानवीय आवश्यकता जटिलता र चुनौतीहरू थपिदै गएपछि शिक्षालाई व्यवस्थित गर्नुपर्ने अनुभूति भई शिक्षा विकास भएको पाइन्छ । त्यसै अनुरुप शिक्षालाई एउटा व्यवस्थित ढंगले औपचारिक रुपमा संचालन गर्नुपर्ने अवधारणाहरू आएपछि शिक्षामा लगानी खर्चका विषयहरू जोडिएर आएका छन् (काफ्ले र अन्य, २०६०) ।

२००७ साल भएको आन्दोलनले राणा शासनको अन्त्य भएपछि प्रजातन्त्रको उदय भयो । २००७ सालमा प्रजातन्त्रको उदय भए पश्चात शिक्षाको विकासमा केही राम्रा पहल भएका पाइन्छन् । २००७ सालपछि गठित सरकारले शिक्षा विकासका लागि के कस्ता पहल गर्नुपर्छ भनी आयोग गठन गरी सुझाव तथा सिफारिसहरू माग गर्‍यो र २०१० मा शिक्षा योजना आयोगको गठन गर्‍यो । जसमा विद्यालय सञ्चालनका लागि आर्थिक व्यवस्थाको बारेमा आम्दानी र खर्चको बारेमा उल्लेख गरेको पाइन्छ । जस अनुसार जग्गाको कुत, दानदातव्य, फैसला कर लगाई त्यसबाट प्राप्त रकम शिक्षामा लगाउनु पर्छ । त्यस्तै सरकारले बुझ्ने मालपोतको १/४ शिक्षामा लगाउनु पर्दछ भनी शिक्षाको आम्दानी बढाइएको छ ।

वि.सं. २०१० सम्ममा नेपालमा २ वटा कलेज १३ वटा माध्यमिक विद्यालय र ३२ वटा प्राथमिक विद्यालय खोलिएको पाइन्छ । जो अत्यन्तै न्यून विकास मान्न सकिन्छ । त्यस बखत शिक्षकको संख्या १२८० जना थिए प्रति शिक्षकको वार्षिक तलव भत्ता रु ४८०।- का दरले एक वर्षमा ६ लाख १४ हजार रुपैँया विनियोजन भएको तथ्य पाइन्छ । प्राथमिक तहमा त्यसताका जम्मा विद्यार्थी संख्या २६,२०० थिए । साथै वि.सं. २०१० को समयमा सरकारी लगानी प्रति विद्यार्थी रु.२३।- भएको पाइन्छ । त्यसैगरी १००० विद्यार्थी संख्या भएको स्थानमा एक प्राथमिक विद्यालय हुनुपर्ने र गरीब तथा जेहेन्दार विद्यार्थीलाई सरकारले खान र बस्न व्यवस्था गरेको उल्लेख भएको पाइन्छ । त्यस्तै प्रतिवेदनमा प्राथमिक तहको शिक्षकको तलव भत्ता सम्पूर्ण सरकारले व्यहोर्नु पर्ने समेत उल्लेख छ (शर्मा,२०६२) ।

वि.सं. २०१७ साल पछि प्रजातन्त्रको निलम्बन गरी सुधारिएको पञ्चायती व्यवस्थाको प्रादुर्भावसँगै २०१८ सालमा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको गठन भयो र त्यस समितिले पनि प्राथमिक शिक्षालाई निःशुल्क गर्नुपर्नेछ भनिएता पनि त्यसो गर्न विविध कठिनाई परेकोले प्राथमिक तहमा अवस्था बुझिकन रु.३।- भन्दा नबढाई शिक्षा निरीक्षकको

कार्यालयको स्वीकृति लिई शुल्क निर्धारण गर्न सकिने कुरा उल्लेख गरिएको छ । साथै विद्यार्थीबाट शुल्क उठाउने र बरबुझारथ गर्ने प्रक्रिया समेत किटान गरिएको पाइन्छ ।

२०२७ साल पूर्व शिक्षा क्षेत्रमा रहेका अनेकौं विकृतिहरू र कमजोरीहरू हटाउन विशेष जोडका साथ राष्ट्रिय शिक्षा पद्दति योजना २०२७ घोषणा गरी लागू गर्ने प्रतिबद्धता जारी गरियो । यस योजनाले देशभर एकै शैक्षिक प्रणाली स्थापना गर्ने, गुणस्तरीय शिक्षा दिने व्यवसायिक र सीपमूलक शिक्षा दिने, शिक्षण विधि र शिक्षण प्रक्रिया सामग्रीको विकासमा योगदान गर्ने जस्ता अनेकौ प्रयास गरिएको पाइन्छ । प्राथमिक तह (१-३) लाई संरचित गरिएको हुनाले यो तह संचालन गर्न जिल्ला शिक्षा समिति अन्तर्गत कोष खडा गरी खर्च गर्नुपर्ने विधि तय गरेको पाइन्छ । विद्यालयमा हुने आम्दानी तथा खर्चलाई व्यवस्थित गर्न विद्यालयहरूमा विभिन्न प्रकारका बहीहरू हुनु पर्दछ भनी व्यवस्था गरेको पाइन्छ ।

हरेक विद्यालयलाई चुस्त दुरुस्त एवम् व्यवस्थापन र सञ्चालनलाई नियमित, पारदर्शी, प्रभावकारी बनाउनका निम्ति शिक्षकहरूको दैनिक उपस्थिति कुन कुन समयमा भएको हो र विद्यालय कुन समयमा छाडेको हो साथै शिक्षक कुन दिन चाहिँ विद्यालयमा अनुपस्थित रहेको थियो भनेर स्पष्ट जानकारी प्राप्त गर्नका लागि शिक्षकहरूको हाजिरी बहीको व्यवस्था गर्नु पर्दछ । यसले कुन शिक्षकको उपस्थिति कति नियमित/अनियमित दायित्वबोध कति रहेको छ भनेर पनि प्रष्ट्याउन सहयोग गर्दछ । विद्यालयमा जे जति मात्रामा नगदी व्यवहार गरिन्छ त्यसलाई पारदर्शी बनाउनका निम्ति नगदी बहीको व्यवस्था गर्नु पर्दछ, यसले प्रत्येक विद्यालयमा के-कति मात्रामा नगदी व्यवहार गरियो भनेर अन्य सरोकारवालालाई पनि जानकारी गराउँछ भने आम्दानी खर्च सन्तुलन हिसाब गर्नका लागि पनि सहयोग गर्दछ । विद्यालयहरूमा कार्यरत विभिन्न शिक्षक कर्मचारीहरूलाई उनीहरूले मासिक रूपमा पाउने तलब भत्ताहरू कहिले कति मात्रामा पाएको छ भनेर अभिलेख राख्नका लागि शिक्षक कर्मचारीहरूको विद्यालयमा हुने विभिन्न शीर्षकका मसलन्द खर्च अनि विविध आम्दानी खर्चलाई स्पष्ट राख्नका लागि मसलन्द र आम्दानी खर्च बढी बनाई त्यस अनुरुप काम गर्नु पर्दछ । साथै विद्यालयमा भएका विभिन्न जिन्सी सामानहरूको अभिलेख राख्न फर्निचर र मालसामानको बही समेत व्यवस्था गर्नु पर्दछ (खनाल र आचार्य, २०६३) ।

यसबाट के प्रष्ट हुन्छ भने विद्यालयको आर्थिक व्यवस्थालाई वैज्ञानिकीकरण गर्न प्रयास गरेको छ र त्यसै आजसम्म यसको प्रभाव विस्तार हुँदै आएको प्रष्ट हुन्छ । २०१८ सालमा प्राथमिक शिक्षामा रु. ६१,११,८८०।- खर्च भएको देखिन्छ र विद्यार्थी संख्या १८२५२३ जना भएको पाइन्छ । सरकारी अनुदान २०२७ सालसम्म प्रा.वि.तह लाई विद्यार्थी संख्या हेरी रु.११००।- रु.२२००।- र रु.३३००।- सम्म भएको पाइन्छ । शिक्षामा भएको खर्च भौतिक निर्माण लगायत अन्त्य शैक्षिक सुधारका पक्षहरूमा भन्दा पनि शिक्षकको तलवभत्ता बढी खर्च भएको पाइन्छ ।

प्राथमिक विद्यालय स्थापना र सञ्चालनलाई हेर्दा नेपालको स्थितिमा विशेषतः स्थापना पक्ष भन्दा पनि सञ्चालन पक्ष अझ जटिल रहेको तथ्य स्पष्ट छ । किनकि व्यक्तिमा शिक्षा प्रतिको मोहको कारणले गाउँघरमा जति पनि प्राथमिक विद्यालयहरू सञ्चालन अनुमति लिएर सञ्चालित अवस्थामा छन् तिनीहरूले नेपालको औपचारिक शैक्षिक आधार निर्माणमा उल्लेखनीय टेवा दिइरहेकै छन् । तर सरकारी अनुदानको न्यूनता, आर्थिक स्रोत व्यवस्थापनमा कठिनाई, विद्यालय सञ्चालनको अनिवार्यता आदिले विद्यालय सञ्चालनलाई निरन्तरता दिन आजको दिनमा एक जल्दोबल्दो समस्या देखिन्छ । कुनै पनि देशको आर्थिक, सामाजिक तथा राजनैतिक जस्ता सम्पूर्ण विकासका लागि शिक्षा महत्वपूर्ण साधन भएकोले यस समाजमा चेतना वृद्धि गरी नागरिकलाई सक्षम, उत्पादनशील, लगनशील बनाउन समेत अतुलनीय भूमिका खेलेको हुन्छ । यति मात्र हैन सवै पक्षमा देखा परेका नकारात्मक पक्षलाई सकारात्मकतातर्फ उन्मुख गराउने माध्यम नै शिक्षा भएकोले यसलाई व्यवस्थित, सुलभ अनि सबैको पहुँचमा पारी गुणस्तरयुक्त बनाउनका लागि आवश्यक लगानी गर्नुपर्दछ ।

नेपालमा पछिल्लो समयमा स्थापना गरिएका विद्यालयहरूमा सरकारी अनुमति प्रदान गरिए तापनि शुद्ध दरवन्दी प्रदान नगरिसकेका सवै विद्यालयलाई बोलचालमा प्रस्तावित विद्यालय पनि भन्ने गरिन्छ । नेपालमा विगतदेखि वर्तमानसम्म शैक्षिक ऐतिहासिकतालाई अध्ययन गर्दा धार्मिक पृष्ठभूमिबाट अगाडि बढ्दै मठ, मन्दिर हुँदै विस्तारै शिक्षालयहरूको विकास भएको देखिन्छ । नेपालमा शिक्षालाई मौलिक अधिकारको रुपमा घोषणा गरी अनिवार्य र निशुल्क हुनुपर्ने उल्लेख गरिएको छ (नेपाल अधिराज्यको संविधान, २०७२) ।

२०४६ सालमा भएको राजनीतिक परिवर्तनले आम नागरिकमा नवीन आशा, उत्साह पलाएकाले सरकारले पनि मानिसहरूका आवश्यकता, चाहना पूरा गर्नका लागि शिक्षामा लगानी बढाउने लक्ष्य लियो । विद्यालय संख्याहरू एकाएक बढ्न थाले । आम नागरिकको शैक्षिक चेतना बढ्दै गयो र धेरै निजी शिक्षण संस्थाहरू पनि खुल्न थाले र देशमा बहुदलीय व्यवस्थाको स्थापना भएकाले सो अनुरुपका मानिसहरूमा व्यवहार निर्माण, व्यवस्थाप्रति बफादार बनाउन देशको शैक्षिक नीति, शिक्षाको राष्ट्रिय उद्देश्य पनि परिवर्तन गर्नुपर्ने भएकाले राष्ट्रिय शिक्षा आयोगको गठन भयो । जसलाई राष्ट्रिय शिक्षा आयोग (२०४९) का नामले चिनिन्छ । यसैबीचमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) समेत गठन भई शैक्षिक जगतमा आमूल परिवर्तन गर्न विभिन्न सुझावहरू प्रतिवेदन मार्फत सिफारिस गरेको पाइन्छ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) ले विभिन्न प्रकारका सुझावहरूलाई प्रस्तुत गरेको प्रतिवेदनको आधारमा अध्ययन गर्दा हरेक वर्ष देशमा प्रस्तुत गरेका बजेटको १५ प्रतिशत रकम शिक्षा क्षेत्रमा छुट्याउनु पर्दछ । शिक्षा क्षेत्रमा छुट्याइएको रकम कमी भएको अवस्थामा शिक्षा क्षेत्रमा विविध कुराहरू सम्पन्न गर्न नसकिने भएकाले कम्तिमा १५ प्रतिशत रकम छुट्याउन सुझाव प्रस्तुत गरेको थियो । प्राथमिक तथा माध्यमिक शिक्षाको निम्ति सरकारले उपलब्ध गराउने रकम पूर्णतया शिक्षक तलबमा खर्च हुने हुँदा शिक्षाको गुणस्तर विकास गर्नका लागि अरु वैकल्पिक स्रोतहरू खोज्नुपर्ने हुन्छ । यी वैकल्पिक स्रोतहरूको अभावमा नेपालमा अपेक्षित शैक्षिक विकास गर्न गाह्रो हुन जान्छ । त्यसैले यस पक्षमा ध्यान पुऱ्याउनु पर्ने सिफारिस गरेको देखिन्छ । विद्यालय स्थापना र सञ्चालन भू-नक्साङ्कनको आधारमा गरिएको खण्डमा विद्यालय क्षेत्रमा अनावश्यक खर्च लगानी हुनबाट बच्न सकिने भएकाले नक्साङ्कनको आधारमा विद्यालयहरू किटान गरी ती विद्यालयलाई सालबसाली रूपमा एकमुष्ट अनुदान दिनु पर्दछ । यी विद्यालयहरूलाई आफ्ना विद्यालयका शिक्षक कर्मचारीहरूलाई मासिक रूपमा तलब भत्तामा जति खर्च लाग्ने हो, मसलन्दमा कति खर्च हुने हो त्यो सम्पूर्ण रकम सरकारले नै अनुदान स्वरूप प्रदान गर्नु पर्दछ । अन्यथा विद्यालय सञ्चालनमा कठिनाइ उत्पन्न भई शैक्षिक गुणस्तर समेत अपेक्षित रुपमा प्राप्त हुन सक्दैन । सो आयोगले सिफारिस गरेको अर्को सुझाव भनेको रहेक विद्यालय भवन, फर्निचर तथा अन्य पुँजीगत खर्चका लागि स्थानीय स्रोत परिचालन गरी

जुटाउने र यसका निम्ति सरकारले त्यस बराबरको रकम अनुदानका रूपमा दिने व्यवस्था गर्नु पर्दछ समेत भनिएको छ ।

शिक्षा क्षेत्रलाई उपलब्ध साधनहरूबाट तलबभत्ताका लागि ७० प्रतिशत र पहुँच गुणस्तरका लागि ३० प्रतिशतका दरले बाँडफाँड हुनुपर्ने स्थानीय निकायहरूको आफ्नो कुल बजेटको कम्तिमा पनि १० प्रतिशत शिक्षाक्षेत्रको भौतिक विकास तथा गुणस्तर विकासका लागि विनियोजित गर्नुपर्ने कुराहरू उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा सुझावका रुपमा उल्लेख भएका छन् । उक्त प्रतिवेदनले कुल ग्राहस्थ उत्पादनको ३.४ प्रतिशत वा कुल सरकारी बजेटको १७ प्रतिशत शिक्षामा लगानी गर्न प्रस्ताव गरेको छ । उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार शिक्षा विकासका लागि थप साधन स्रोत जुटाई पिछडिएका क्षेत्र र वर्गका बालबालिकाको समुचित शिक्षामा खर्च गर्न राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा "शिक्षा विकास कोष" को स्थापना गरी शिक्षामा वित्तीय व्यवस्थालाई सुधार गर्ने उपाय अवलम्बन गरी सबैलाई शिक्षाको पहुँचमा ल्याउने अवसर सुनिश्चित गरेको बुझिन्छ । प्राथमिक शिक्षातर्फ आठौं योजना (२०४९-२०५४) को अवधिमा प्राथमिक शिक्षा उमेर ६-१० वर्षका बालबालिकाहरूको खुद भर्नादर ९० प्रतिशत पुर्याउने लक्ष्य अनुरुप २०२५ वटा प्राथमिक विद्यालयहरू र ८००० जना प्राथमिक शिक्षक थप्ने लक्ष्य अनुरुप विद्यालय संख्या ३५२४ र शिक्षक संख्या १४८८३ पुगेको देखिन्छ भने खुद भर्नादर ६९.४ प्रतिशत पुगेको छ । आठौं योजना अवधिमा प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सम्पूर्ण प्राथमिक विद्यालयका ९१,९६३ शिक्षकहरूलाई सेवाकालीन तालिम प्रदान गरिएको छ । यसरी सरकारले प्राथमिक तहमा लगानीलाई बढाएको प्रष्ट हुन्छ (काफ्ले र अन्य, २०६०) ।

वि.सं. २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुनः स्थापन पश्चात देशका विभिन्न ठाँउहरूमा सरकारी निकाय जिल्ला शिक्षा कार्यालयबाट कक्षा सञ्चालन अनुमति लिएका धेरै संख्यामा विद्यालयहरू स्थापना गरिए । यसरी स्थापना र सञ्चालन अनुमति लिएका विद्यालयहरूमा प्रत्येक वर्ष एक कक्षाको दरले कक्षा सञ्चालन अनुमति लिनुपर्ने व्यवस्था रहेको देखिन्छ (शिक्षा ऐन, २०२८) । प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय वा माध्यमिक विद्यालय खोल्न चाहनेले अनुमतिका लागि शैक्षिक सत्र सुरु हुनु भन्दा कमीतमा ३ महिना अगाडि गाउँ शिक्षा समिती वा नगरपालिकाको सिफारिस सहित अनुसूची १

बमोजिमको ढाँचामा जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिनुपर्ने देखिन्छ भने यसरी दिइएको निवेदन अनुसार प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालय खोल्न शैक्षिक सत्र सुरु हुनु भन्दा ३० दिन अगावै अनुसूची ४ बमोजिमको ढाँचामा जिल्ला शिक्षा कार्यालयले विद्यालय सञ्चालन अनुमति दिनेछ । यसरी अनुमति दिँदा प्रस्तावित विद्यालयको कक्षा सञ्चालनको पूर्वाधार भए नभएको समेत जाँचबुझ गरेर मात्र अनुमति दिनेछ (शिक्षा नियमावली, २०५९) ।

कक्षा सञ्चालनमा वित्तीय कठिनाई भएको कारणले अभिभावकहरूबाट चन्दा, दान सङ्कलन गर्दै बढ्दै जाँदा सरकारी निकाय (जिल्ला शिक्षा कार्यालय) बाट एकमुष्ट अनुदान प्रदान गर्न थालियो । क्रमिक रुपमा वि.सं. २०६५ साल देखि राहत दरवन्दी वितरण गरी सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालय सञ्चालनमा सहजता देखिन थालियो । शिक्षामा लगानी गर्ने सन्दर्भमा विद्यार्थीको पढाइ शुल्क तोकिएको साथै एउटा निश्चित आधारमा विद्यालयलाई सरकारी सहयोग उपलव्ध गराउने आधार तयार गरी सरकारले विद्यालयलाई एउटा संयन्त्र अनुसार एकमुष्ट अनुदान उपलव्ध गराइ विद्यालय सञ्चालन, व्यवस्थापन साथसाथै शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्य अनुसार (पि.सि.एफ) को आधारमा आफ्ना निजी स्रोतहरू मिलाएर थप शिक्षकहरू राख्ने व्यवस्था अगाडि बढेको देखिन्छ (शिक्षा नियमावली, २०५९) ।

समुदायमा सञ्चालित विद्यालयहरू जसको सञ्चालन व्यवस्थापन जिम्मा समुदायलाई हस्तान्तरण गर्ने परिपाटीले विद्यालयीय शैक्षिक गुणस्तरमा सुधार हुन्छ नै भनी किटान गर्न सकिन्न । तर यसको व्यवस्थापनलाई सक्षम बनाउन आवश्यक लगानी स्रोत जुटाउन सके अनि त्यसको उचित वितरण, परिचालन गर्न सके वर्तमान शैक्षिक उपलव्धि बढाउन सकिने सम्भावना देखिन्छ । तर यसको निम्ति विशेषतः सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूमा आर्थिक स्रोतहरूको स्थिति के छ ? वित्तीय स्रोत जुटाउन विद्यार्थी, अभिभावक, शिक्षकहरूले खेलेको भूमिका, यसका निम्ति उनीहरूले भोगेका कठिनाईहरू अध्ययन गर्नु, सो सम्बन्धी विभिन्न तथ्याङ्कहरू सङ्कलन गरी अनुसन्धान गर्नु नै यस शोधपत्रको मूल पृष्ठभूमि रहेको छ, साथै यस अध्ययनसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदनहरू समेत यस विषय शीर्षकको पृष्ठभूमि रहेको छ ।

### १.२ समस्याको कथन

नेपालको सामुदायिक विद्यालयहरूमा नेपाल सरकारले विभिन्न शीर्षकहरू जस्तै शिक्षक तलव भत्ता, पाठ्यपुस्तक, मसलन्द, छात्रवृति, शैक्षिक सामग्री, पि.सि.एफ जस्ता विभिन्न शीर्षकहरूमा लगानी गरेता पनि मूलत सञ्चालन अनुमति मात्र प्राप्त विद्यालयहरूमा राहत शिक्षकहरूको न्यून दरवन्दी भएकाले निजी स्रोतबाट शिक्षकहरू राख्नुपर्ने बाध्यताले आर्थिक स्रोत जुटाउन अनिवार्य रहेको छ भने अर्कोतिर अभिभावकसँग शुल्क उठाउन समेत एउटा दायरा बनाएकाले यस्तो अवस्थामा बालबालिकाहरूले आधारभूत तहसम्मको शिक्षा सहज र गुणस्तरीय ढङ्गले प्राप्त गर्न नै गाह्रो देखिन्छ। अत : नेपालको सन्दर्भमा सञ्चालन अनुमति प्राप्त विद्यालयहरू सरकारी स्थायी स्वीकृति प्राप्त नगरिसकेका, स्थायी दरबन्दी प्रदान गरिनसकिएको हुनाले यी विद्यालयहरूमा आर्थिक स्रोतको अभाव देखिन्छ नै फेरि अर्कोतिर सञ्चालन अनुमति मात्र प्रदान गरिएका यस्ता विद्यालयहरूमा अभिभावकहरूको क्षणिक उत्साहका कारण कक्षा थप गरिने तर थप गरिएका ती कक्षाहरूलाई व्यवस्थित गर्न मानवीय तथा भौतिक साधनहरूको व्यवस्थापन तर्फ चासो नजाने भएकाले सम्पूर्ण शैक्षिक क्रियाकलाप नै प्रभावित हुन सक्ने भएकाले यस्ता विद्यालयहरूको आर्थिक पक्षको व्यवस्थापन एक जटिल सन्दर्भ भएकाले यही समस्यामूलक पक्षसँग प्रस्तुत अध्ययन केन्द्रित रहन गएको छ।

### १.३ अध्ययनको औचित्य

विद्यालय स्थापना, सञ्चालन अनि सरकारी लगानी सबैको एकमात्र उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गर्नु नै हो। यसका निम्ति सम्वन्धित विद्यालयका शिक्षक कर्मचारीहरूको दायित्व उच्च रहन्छ। तर आवश्यक योग्यता अनि संख्यामा समेत शिक्षक कर्मचारीहरू व्यवस्था गर्न प्रस्तावित प्राथमिक विद्यालयहरूलाई एक जटिल अवस्था महसुस भैरहेको देखिन्छ। राज्यले आधारभूत तहसम्मको शिक्षालाई निशुल्क, अनिवार्य गराई आवश्यक नीति कार्यक्रमहरू बनाउँदै लगे तापनि व्यवस्थापन र कार्यान्वयन पक्षमा सुधार नआएसम्म शैक्षिक गुणस्तरमा अपेक्षित सुधार आउन सक्दैन। अत : यसका निम्ति सामुदायिक विद्यालयसँग सम्बन्धित सम्पूर्ण पक्षहरूलाई यसले विशेषत आर्थिक पाटो र त्यसको व्यवस्थापन पक्षबाट उल्लेखनीय भूमिका खेल्न सक्ने देखिएकाले यस अध्ययनले यसमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ। यसका अतिरिक्त प्रस्तावित प्राथमिक विद्यालयहरूको

वित्तीय स्थीति के छ ? सो सम्वन्धको यथार्थ पक्षलाई अध्ययन खोज गरी प्रष्ट्याउनका लागि यस अध्ययनले सम्वन्धित सवैमा नीति कार्यक्रम, कार्यान्वयन आदिलाई प्रभावकारी बनाउनका निम्ति सहयोग गर्न सक्ने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

### १.४ अध्ययनको उद्देश्य

यस शोध अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् -

१) सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको अवस्था पहिचान गर्नु,

२) आर्थिक स्रोत व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरू खोजी गर्नु,

३) आर्थिक स्रोत व्यवस्थापनमा देखा परेका समस्याहरू पत्ता लगाउनु,

४) आर्थिक स्रोत व्यवस्थापनका समस्या समाधानका उपायहरू खोजी गर्नु ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत अध्ययनको उद्देश्यहरूलाई पूरा गराउनका निम्ति निम्नानुसारका प्रश्नहरूको उत्तर खोज्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ -

१) विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ ?

२) सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयका के कस्ता आर्थिक स्रोतहरू छन् ?

३) सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयमा के कसरी आर्थिक स्रोतहरू परिचालित छन् ?

४) आर्थिक स्रोत व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरू केके हुन् ?

५) ती विद्यालयहरूको आर्थिक व्यवस्थापनमा के कस्ता समस्याहरू रहेका छन् ?

६) आर्थिक स्रोत व्यवस्थापनका समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

### १.६ अध्ययनको परिसीमा

समुदायद्वारा शिक्षा नियमावलीले तोके अनुरुपको ढाँचा र प्रक्रिया अपनाई विद्यालय खोल्न निवेदन दिएपश्चात् प्राथमिक विद्यालयको हकमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयले भौतिक पूर्वाधार हेरी सञ्चालन अनुमति दिएको हुन्छ । सञ्चालन अनुमति प्राप्त गरेपश्चात् उक्त विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने खर्च अनुदानका रूपमा जिल्ला शिक्षा

कार्यालय मार्फत् नेपाल सरकारले दिएको हुन्छ । ती विद्यालयहरू गुठी, कम्पनी अनुरुप नखोली समुदायको अपनत्वका साथ नेपाल सरकारको मातहतमा रहने गरी खोली सञ्चालन गरिने भएकाले जुन यस्ता विद्यालयमा सामान्यतया कक्षा-१ देखि ५ कक्षा सम्म सञ्चालित हुन्छन् । ती विद्यालयहरू नै सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरू हुन् । यस अध्ययनले खोटाङ जिल्ला भित्र रहेका विभिन्न स्रोतकेन्द्रहरू मध्ये गोलाप्रथाद्वारा छनोट गर्दा चिसापानी स्रोतकेन्द्र पर्न गएको हुँदा पुनः उद्देश्यमूलक नमुना छनोटका आधारमा सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरू मात्र यस अध्ययन अन्तर्गत समेटिएका छन् । साथै ती विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.का अध्यक्षहरू अनि विद्यालयका आर्थिक अभिलेखहरू मात्र यस शोध अध्ययन अन्तर्गत परिसीमित गरिएका छन् । सीमित नमुनाका आधारमा अनुसन्धान सञ्चालन गरिएकाले यसका निष्कर्षहरूलाई पूरै देशभरी सामान्यीकरण गर्न सकिँदैन ।

### १.७ मुख्य शव्दावलीहरूको परिभाषा

सञ्चालन अनुमति मात्र सामुदायिक विद्यालय : नेपाल सरकारले कक्षा सञ्चालन अनुमति दिएको तर स्वीकृत शुद्ध दरबन्दी प्रदान नगरेको विद्यालय

पि.सि.एफ : विद्यार्थी संख्याको आधारमा जिल्ला शिक्षा कार्यालयले विद्यालयलाई उपलव्ध गराउने एकमुष्ट रकम ।

परिसीमा : एउटा निश्चित गरी बाँधिएको सीमाना ।

करार : एउटा निश्चित अवधि (एक वर्ष) को लागि मात्र दिइने अस्थायी नियुक्ति

अनुमति : नेपाल सरकारले स्थायी स्वीकृती प्रदान गरिनसकेको कुनै निश्चित ठाँउमा विद्यालय खोल्न र कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृति

# परिच्छेद : दुई

# सैद्धान्तिक साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

नेपालमा दिनानुदिन भइरहेको शैक्षिक जागरणका कारणले प्रत्येक गा.वि.स. का धेरै जसो वडामा विद्यालयहरू खुलाउँदै सञ्चालन गरिँदै आएका छन् तर स्थापनामा सहजता देखिए पनि सञ्चालन निरन्तरताको जटिलता आफ्नै ठाउँमा रहेको छ । सामुदायिक (सरकारी) भएका कारणले विद्यार्थीहरूबाट पढाइ वा अन्य शीर्षकमा शुल्क उठाउन पाइने अवस्था छैन भने सरकारद्वारा प्रदत्त अनुदान दरबन्दी वा रकमबाट कक्षा अनुपातमा शिक्षक व्यवस्था गर्न सकिने अवस्था पनि छैन । त्यसैले यस सम्वन्धमा केही शोधकर्ताहरूले शोध अनुसन्धान गरी निष्कर्ष निकालेका छन् ।

सामुदायिक प्राथमिक विद्यालयको उद्देश्यपूर्ण नमुना छनौट गरी आर्थिक स्रोत प्रक्रियाबारे तयार गरिएको शोधपत्रमा सामुदायिक प्राथमिक विद्यालयहरूमा व्यवस्था भित्र पर्ने तत्वहरू झैँ आर्थिक तत्व एक महत्वपूर्ण भएकाले यस पक्षमा सम्बन्धित सरोकारवालाहरूको ध्यान जानु आवश्यकता उल्लेख गरिएको छ । उक्त शोधपत्रको अध्ययनको मूल उद्देश्य प्राथमिक विद्यालयहरूको आर्थिक स्रोत पहिचान गर्नु, विद्यालयहरू बीच आर्थिक स्रोतहरूको तुलना गर्नु र विद्यालयहरू बीचमा आर्थिक पारदर्शिता र व्यवस्थापन प्रक्रियाको स्थिति पत्ता लगाउनु रहेको छ । सामुदायिक प्राथमिक विद्यालयहरूमा सरकारी अनुदानका शीर्षक बाहेक अन्य स्रोतबाट पनि आम्दानी हुने गरेको पाइन्छ । जस्तै सामुदायिक वन उपभोक्ता समिति, सांसद कोष, गा.वि.स./न.पा.बाट अनुदान, अभिभावकबाट चन्दा सहयोग, देउसीभैलो, स्थानान्तरण प्रमाण पत्र शुल्क, परीक्षा शुल्क र गैरसरकारी संस्थाबाट आर्थिक संकलनका कुराहरू उल्लेख गरिएको छ । उक्त विभिन्न स्रोतबाट प्राप्त आम्दानीहरू विद्यालयको शिक्षक तलव, मसलन्द, फर्निचर, भवन निर्माण आदि जस्ता शीर्षकमा खर्च हुने गरेको पाइन्छ । सामुदायिक प्राथमिक विद्यालयहरूले अझै आर्थिक स्रोत संकलन गर्नमा जोड दिनुपर्ने, सीमित स्रोतसाधनलाई राम्रो व्यवस्थापनका साथ लगानी गर्नुपर्ने, निर्णय गरेर पारदर्शी ढंगले मात्र खर्च गर्नुपर्ने र आर्थिक नियमावलीको परिधि भित्र रही

पारदर्शीताको स्थितिलाई सुधार गर्दै सामाजिक लेखापरीक्षण गरी सार्वजनिक मान्यता गर्नुपर्नेमा जोड दिइएको पाइयो (प्रसाई, २०६६) ।

माथि प्रस्तुत अध्ययनलाई हेर्दा नेपालमा शिक्षाको वर्तमान अवस्था दिनानुदिन खस्किदो अवस्थामा रहेको छ । हुन त यस क्षेत्रमा सरकारी बजेटको ठूलै हिस्सा खर्च भइरहेको भए तापनि त्यसबाट अपेक्षित प्रतिफल विविध कारणले प्राप्त हुन सकिरहेको छैन । यसका निम्ति आवश्यक उचित प्रतिबद्धता, आर्थिक पारदर्शीता, अनुगमनको सही प्रयोग हुन नसक्नु जस्ता कारणहरू देखाइए तापनि विद्यालयहरूको आर्थिक स्रोतको व्यवस्थापन पक्षमा भने अध्ययन गरिएको पाइन्न ।

सामुदायिक माध्यमिक विद्यालयहरूको वित्तीय अवस्था र समुदायमा यसको आर्थिक प्रभाव सम्बन्धी अध्ययन अनुसन्धानमा ७५ वटा घर परिवारबाट सङ्कलित प्राथमिक तथ्याङ्क र २ सामुदायिक विद्यालयबाट सङ्कलित द्वितीयक तथ्याङ्कहरूको आधारमा हरेक घरपरिवारले आफ्नो आम्दानीको अधिकांश हिस्सा छोराछोरीहरूको शैक्षिक वृत्तिविकासमा खर्च गर्ने गरेको देखिन्छ । हरेक अभिभावकहरूले छोराछोरीहरूलाई गुणस्तरीय शिक्षा आर्जनका निम्ति खर्च गर्ने गरेको तर गरिएको खर्च अनुरुप शैक्षिक उपलब्धि प्राप्ति भई प्रतिफल समेत आशानुकुल हुन नसकेकाले सरकारी पक्षबाट शैक्षिक क्षेत्रलाई उकास्नका निम्ति माध्यमिक तहदेखि नै प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्ने, पाठ्यक्रममा सुधार गर्नुपर्ने, दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने जस्ता सुझावहरू शोधपत्रमा उल्लेख गरिएको छ (तामाङ, २०६७) ।

माथिको सन्दर्भ अध्ययन गर्दा विभिन्न परिवारहरूको आर्थिक पक्षलाई अध्ययन गर्दै ती आर्थिक पक्षहरूको गरिने खर्चका क्षेत्रहरू समेत उल्लेख गर्दा कुल आम्दानीको निक्कै ठूलो हिस्सा शिक्षा क्षेत्रमा लगानी गरे तापनि त्यसबाट प्राविधिक तथा व्यवसायिक शिक्षामा भने खासै प्रगति हुन नसकेकाले शिक्षक विद्यार्थी अनुपात मिलाउँदै लानुपर्ने सुझाव समेत दिइए तापनि विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन पक्षमा भने अध्ययन अगाडि बढाइएको देखिन्न ।

समुदायमा व्यवस्थापन गरिएका विद्यालयहरूको स्रोत सङ्कलन र उपभोग अध्ययन शीर्षकको शोधपत्रमा यसरी समुदायमा व्यवस्थापन सुम्पिएका सामुदायिक (सरकारी)

विद्यालयहरूमा आर्थिक स्रोतको सङ्कलन र सामुदायिक वितरणमा अभाव कमजोर व्यवस्थापन अनि स्रोतको सदुपयोगमा कमी, शैक्षिक सूचना नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन नगर्नु, योजना र कार्यान्वयन बीचको कमजोर तालमेल, सम्भाव्यता अध्ययनको अभाव, कमजोर आर्थिक अनुशासन रहेका कारणले यी विविध पक्षहरूमा सम्वन्धित सरोकारवाला पक्षहरूबाट उचित ध्यान दिनुपर्ने सुझाव समेत दिइएको छ (के.सि., २०६५) ।

माथि उल्लेख गरिएको अध्ययन सन्दर्भबाट उक्त शोधपत्रमा विभिन्न विद्यालयहरू जुन समुदायमा हस्तान्तरण भइसकेका छन् तिनीहरूको आर्थिक स्रोत सङ्कलन र उपायोगको सम्बन्धमा अध्ययन गरी कमजोर व्यवस्थापन, प्रभावकारी कार्यान्वयनको अभाव जस्ता कारणले सरोकारवालाहरू सम्म यसको सही प्रभावकारिता पुग्न नसकेको पाइएको उल्लेख तरे तापनि सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापनमा पक्षमा अध्ययन गरिएको छैन ।

नेपालको शैक्षिक विकास, लगानीको सदुपयोग, शैक्षिक उपलव्धिमा वृद्धि आदिको निम्ति नेपाल सरकारले साल सालै लगानी गरिरहेकै छ । यसका निम्ति शिक्षामा लगानीको क्षेत्र भन्नाले शिक्षक तलव, भत्ता, शैक्षिक सामग्री, विद्यालय भवन, विद्यार्थीहरूलाई खाजा, छात्रावास, छात्रवृद्धि, खानेपानी, प्रशासनिक खर्च आदिलाई बुझिन्छ । यी खर्चहरू गर्न स्रोतको रुपमा अभिभावक, सरकार, समुदाय, दातृ निकाय, निजी क्षेत्र लगायत विद्यार्थी आफैबाट समेत सङ्कलन गर्ने आयलाई बुझ्न सकिन्छ (नेपाल, २०६४) ।

यस अध्ययनमा विभिन्न विद्यालयहरूमा शैक्षिक विकासको अवस्थालाई माथि उकास्न लगानीको उचित सदुपयोग हुनुपर्ने अनि यस्ता तमाम लगानीका निम्ति अभिभावक, सरकार, दातृ निकायबाट स्रोत सङ्कलन भइरहेको भनिए तापनि सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूका सन्दर्भमा भने अध्ययनलाई फैलाइएको देखिँदैन ।

सामुदायिक प्राथमिक विद्यालयहरूमा आर्थिक स्रोत व्यवस्थापन र शैक्षिक उपलब्धिमा पार्ने प्रभाव सम्बन्धी शोधपत्रमा रुपन्देही जिल्लाको बुटबल नगरपालिकाका ५ वटा विद्यालयलाई नमुनाका रूपमा लिएर गरिएको अध्ययनमा प्राथमिक विद्यालयहरूको भवन, खानेपानी, खेलकुद मैदान, भौतिक बनावट र शिक्षकको दरबन्दी सङ्ख्याको अभावले ग्रस्त रहेको,

विद्यालयमा विद्यार्थीले कक्षा छाड्ने दर उच्च रहेको, विद्यार्थी उत्तीर्ण दर ६९ प्रतिशत र औसत उपलब्धि दर ४६ प्रतिशत रहेको, विद्यालयहरूले स्थानीय स्तरमा गा.वि.स.र जि.वि.स. मार्फत्बाट मात्र आर्थिक स्रोत सङ्कलन गरेको, प्राथमिक तहको शिक्षामा सरकारबाट ६६.०५ प्रतिशत, स्थानीय स्तरबाट ३७.९ प्रतिशत र शुल्कबाट ६.६ प्रतिशत रकम सङ्कलन भइरहेको अवस्था पाइएको छ भने उपर्युक्त निष्कर्षका आधारमा शोधकर्ताले प्राथमिक तहमा लगानीको मात्रा अत्यन्त न्यून भएकाले सो लगानी बढाउनु पर्ने, स्थानीय संघ संस्था, गैर सरकारी संघ संस्था र दातृ संस्थाले पनि लगानी गर्नुपर्ने, विभिन्न कारणले समाजमा पछि परेका बालबालिकाहरूलाई पढ्ने वातावरण सिर्जना गर्नुपर्ने, विद्यालयको आर्थिक स्रोत सङ्कलनमा सम्बन्धित पक्ष सक्रिय रहनुपर्ने, विद्यार्थीको सङ्ख्या वृद्धि गर्न अभिभावकहरूलाई सु-सूचीत गर्नुपर्ने जस्ता सुझावहरू समेत दिएका छन् (पौडेल, २०६०) ।

यसरी सामुदायिक विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन, उपयोग, प्रभाव आदि सम्वन्धमा विभिन्न शोधकर्मीहरूले शोधपत्र लेखन अध्ययन गरेता पनि सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूमा के कस्तो आर्थिक स्रोत व्यवस्थापन रहेको छ भन्ने विषय चाहि अध्ययन नगरेको पाइएकाले यस शोधपत्रमा सोही विषयमा केन्द्रित रही अध्ययन गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोधकार्य एक सैद्धान्तिक अनुसन्धानमूलक कार्य हो, यसलाई निष्कर्षमा पुऱ्याउनका निम्ति स्वीकृत सिद्धान्तको आधार लिनु पर्ने हुन्छ । यी सिद्धान्तहरूमा आधार लिएर अध्ययनलाई अगाडि बढाए मात्र प्रस्तुति र अध्ययनको विश्वासनियता बढी हुन जान्छ । अत : आर्थिक स्रोतको उपलव्धता त्यसको बाँडफाँड परिचालनको व्यवस्थापनमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गर्न यहाँ सिद्धान्तको प्रयोग गरिएको छ ।

सरकारी खर्चको सिद्धान्तका प्रतिपादक फिन्डले सिराजले सार्वजनिक खर्चका सिद्धान्तलाई लाभको सिद्धान्त, मितव्यायिताको सिद्धान्त, अनुमोदनको सिद्धान्त र बचतको सिद्धान्त गरी चार भागमा विभाजन गरेका थिए । पछि आएर यी सिद्धान्तहरूसंगै अन्य सिद्धान्तहरू पनि प्रतिपादन भए । यस प्रकार सार्वजनिक खर्चका सिद्धान्तहरूलाई निम्नलिखित रुपमा वर्गीकरण गरिएको छ (सुवेदी, २०६९) ।

सरकारले गर्ने सार्वजनिक खर्च अधिकतम सामाजिक लाभ प्राप्त गर्ने किसिमको हुनुपर्दछ। यसरी गरिएको सार्वजनिक खर्च कुनै विशेष वर्ग वा व्यक्तिगत लाभका लागि खर्च नगरेर सम्पूर्ण समाजका लागि लाभ प्राप्त गर्ने किसिमको हुनुपर्दछ। उदाहरणका लागि बाह्य आक्रमणबाट देशको रक्षा, आन्तरिक शान्ति, उत्पादनमा वृद्धि र राष्ट्रिय आयको समान वितरण हुन सक्नु पर्दछ। अर्थशास्त्री बेन्हमले देशको अर्थव्यवस्था भित्र त्यस्ता समुह वा व्यक्तिहरू रहेका हुन्छन् जसका हितका लागि विशेष रुपमा सार्वजनिक खर्च गर्नुपर्दछ। उदाहरणका लागि अपांङ्ग,असहाय व्यक्तिहरूका लागि गरिने खर्चलाई लिन सकिन्छ। शिक्षा, सडक निर्माण, स्वस्थ्य , सिंचाई तथा विद्युत, उत्पादनको क्षेत्रमा गरिएको सार्वजनिक खर्चले धेरै मानिसहरूले लाभ प्राप्त गर्न सक्दछन् तसर्थ सार्वजनिक खर्च गर्दा सरकारले देशको कुल उत्पादनमा वृद्धि हुने गरी खर्च गर्नु पर्दछ किनकि यसरी गरिने खर्चले देशको कुल उत्पादनमा वृद्धि गरेन भने लगानीको कुनै उपादेयता रहदैन। राज्यले आफ्नो बजेट खर्च गर्दा अर्को महत्त्वपूर्ण पक्ष भनेको राज्यको आन्तरिक तथा बाह्य शान्ति र अस्तित्व संरक्षणका निम्ति राज्यकोष खर्च गर्नु पर्दछ। राज्यको अस्तित्व संरक्षण हुन सकेन भने कुनै कुराको पनि पहिचान रहन नसक्ने भएकाले राज्यले आन्तरिक र बाह्य अस्तित्व संरक्षण गर्न खर्च गर्नु पर्दछ। राज्यले खर्च गर्दा आफ्नो देशमा भएका आम नागरिकहरूको आयस्तर सामान्यतया असमान रहने र सो असमानताले आर्थिक खाल्डो अझ बढाउँदै लैजाने भएकाले समाजमा आय वितरणलाई समान बनाउने किसिमले खर्च गर्नु पर्दछ यसका अतिरिक्त राज्यले खर्च गर्ने सन्दर्भमा कुनै एक व्यक्ति वा वर्गको मात्र हित नभई सम्पूर्ण समाजले नै लाभ प्राप्त गर्ने गरी योजना बनाई खर्च गर्नुपर्दछ (सुवेदी, २०६९)। यसरी सामुदायिक विद्‌यालयमा गरिने खर्च पनि यिनै दायरा अनुरुप हुनु पर्दछ।

सरकारले राजस्व तथा अन्य विभिन्न क्षेत्रहरूबाट सङ्कलन गरेको सार्वजनिक खर्चको प्रयोग गर्दा बढो मितव्ययी ढङ्गबाट गरिनुपर्दछ। सरकारले गर्ने प्रत्येक कार्यहरू न्यूनतम लागतमा राम्रोसँग सम्पादन गर्न सक्नुपर्दछ। यसका लागि सरकारले स्वच्छ तथा सक्षम आर्थिक प्रशासनिक नीति अवलम्वन तथा अनुसन्धान गर्नु पर्दछ। कार्य शुरु गर्दा योजनावद्ध ढङ्गबाट ढिलासुस्ति नहुने किसिमले गर्नुपर्दछ। यसबाट दोहोरो खर्चको भार पनि नपरोस भन्ने उद्देश्य हुनु पर्दछ। यसो गर्दा सार्वजनिक खर्चमा मितव्ययिता आउँछ।

सार्वजनिक खर्चमा सार्वजनिक निकायको रेखदेख वा टिकाटिप्पणी गर्ने उत्तरदायित्व हुन्छ। यस्तो खर्च विवेकपूर्ण ढङ्गबाट न्यायोचित किसिमले गरियोस् भन्ने उद्देश्य अनुरुप विभिन्न

किसिमका अंकुशहरू लगाउनु पर्दछ । त्यसैले यस्तो खर्च सम्वन्धित निकायबाट सजिलै अनुमोदन गराउन सकिने किसिमको हुनुपर्दछ । यसरी खर्च गर्न अनुमोदन गराउनका लागि खर्चको प्रकृति मितव्ययी बनाउनु पर्ने हुन्छ । यसले गर्दा अनावश्यक ठाँउमा खर्च हुन पाउँदैन । जुन कार्यका लागि रकम निकासा हुन्छ त्यहि कामका लागि खर्च गर्नु पर्दछ । यसरी नियमपूर्वक वा मितव्यायितापूर्वक खर्च भयो वा भएन भन्ने कुराका लागि वर्षको अन्त्यमा लेखा परीक्षण गराउनु पर्दछ ।

यस सिद्धान्त अनुसार सार्वजनिक बजेटमा आम्दानी भन्दा खर्चको मात्रा वढी हुनु हुँदैन अर्थात सरकारले सकेसम्म घाटाको बजेट बनाउनु हुँदैन । प्रो. फिन्डले सिराजका अनुसार सरकारले आफ्नो आय प्राप्त गर्ने तथा खर्च गर्ने प्रणाली सामान्य नागरिकको जस्तो हुनु पर्दछ । एउटा व्यक्तिले जसरी आम्दानी भन्दा बढी खर्च गर्दैन त्यसैगरी सरकारले पनि सन्तुलित बजेट बनाउनु पर्दछ । बार्षिक बजेटको खर्च ऋृण नलिइकन सन्तुलित किसिमको बनाउनुपर्दछ । तर यसको अर्थ बजेट सधै सन्तुलित हुनुपर्दछ भन्ने होइन किनकी आधुनिक अर्थशास्त्रीहरूले सन्तुतिल बजेट सधैंभरी राम्रो हुँदैन भन्ने तर्क प्रस्तुत गरका छन् । बजेट कस्तो बनाउने भन्ने कुरा अर्थ व्यवस्थाको ढाँचामा निर्भर गर्दछ । किनकी अर्थ व्यवस्थामा मुद्रा स्फिति उत्पन्न भएको छ भने बचत बजेट उपयुक्त मानिन्छ । यस्तो बजेटले मानिसहरूको क्रय शक्तिलाई घटाउँदछ । फलस्वरुप कुल मागमा कमी आउँछ । यसबाट माग  र उत्पादनमा सन्तुलन आँउछ । घाटाको बजेट मन्दिको अवस्थामा राम्रो मानिन्छ । घाटाको बजेटमा मानिसहरूको क्रय शक्तिमा वृद्धि हुन जान्छ । मानिसहरूको क्रयशक्ति वृद्धि हुँदा मागमा वृद्धि हुन गई माग र उत्पादन बीचमा सन्तुलन कायम हुन्छ । यसप्रकार अर्थव्यवस्थामा पूर्ण रोजगारी तथा मूल्यमा स्थिरताका लागि भने सन्तुतिल बजेट उपयुक्त मानिन्छ । यसबाट अर्थव्यवस्थामा कुनै किसिमको उत्तार चढाव हुँदैन । त्यसैले यो धारणा शास्त्रीय अर्थशास्त्रीहरूले प्रस्तुत गरेका थिए ।

यस सिद्धान्तको अर्थ राज्यले गरेको खर्चबाट देशको उत्पादनमा वृद्धि हुनुपर्दछ भन्ने हो । अर्थात् सार्वजनिक खर्च उत्पादन क्षेत्र वा विकास तथा निर्माणको क्षेत्रमा खर्च गर्नुपर्दछ । सार्वजनिक तथा सरकारी सेवाले उत्पादन तथा सामुहिक उपभोगको सुविधामा वृद्धि गर्न सार्वजनिक खर्चमा व्यापक विस्तार गर्नुपर्दछ । यस प्रकार सरकारी खर्चले रोजगारी तथा उत्पादनमा वृद्धि ल्याउनुपर्दछ । यसले समाजको आय, उपभोग तथा जीवनस्तरमा सुधार ल्याउँदछ ।

यस सिद्धान्त अनुसार सार्वजनिक खर्च समयको परिवर्तन संगै कमी वा वृद्धि गर्न सकिने किसिमको हुनु पर्दछ । सरकारी खर्चको नीति तथा विभिन्न किसिमका संकटकालिन अवस्थाहरू तथा ठूला ठूला विकास तथा निर्माणका कार्यहरू सजिलै समयमा सम्पन्न गर्न सकिने हुनुपर्दछ । यदि सार्वजनिक खर्चमा आवश्यकता अनुसार परिवर्तन गर्न सकिएन भने त्यसको कुनै पनि औचित्य हुँदैन । त्यसैले सार्वजनिक खर्चको बनौट लोचदार हुनुपर्दछ ।

समाजमा आयको असमान वितरण हुन्छ । सार्वजनिक खर्चद्वारा यस्तो आयको असमान वितरणलाई हटाउनु पर्दछ । यसका लागि सरकारले सकेसम्म सम्पन्न व्यक्तिहरूबाट बढि मात्रामा कर असुली न्यून आय हुने व्यक्तिहरूका हितका लागि खर्च गर्नु पर्दछ ।

विद्यालयको उपलव्ध स्रोतलाई वैज्ञानिक तवरले परिचालन गरी थोरै लगानीबाट धेरै प्रतिफल प्राप्त गर्न उपलव्ध स्रोतको प्रभावकारी बाँडफाँड गर्न आर्थिक कारोवारको लेखा व्यवस्था एवम् अभिलेख व्यवस्था हेर्न मितव्ययिताको सिद्धान्त उपयोग गरिएको छ । विद्यालयको आर्थिक अवस्थाको वारेमा सामाजिक लेखा परीक्षण, अन्तिम लेखा परीक्षणको वारेमा अनुमोदनको सिद्धान्तलाई प्रयोग गरिएको छ । साथै यस अध्यायमा सम्पूर्ण विपन्न वर्ग, दलित, अपांग, पिछडिएका वर्ग सबैलाई सञ्चालित शैक्षिक कार्यक्रममा सहभागी गराई उपलब्धि प्राप्त गराउनका निम्ति विद्यालयको वजेटको अंश अनि सम्वन्धित बाँडफाँडलाई हेर्न समानताको सिद्धान्त उपयोग गरी अध्ययन अगाडि बढाइएको छ ।

### २.३ पुनरावलोकनको उपादेयता

नेपालको शैक्षिक क्षेत्रमा केही वर्ष यतादेखि क्रमश शैक्षिक उपलब्धि ह्रास भइरहेको तथ्य बाहिर आइरहदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट भए गरेका वित्तीय लगानीको के शून्य उपयोगिता भैरहेको हो त ? भन्ने धारणा अनुरुप यस अध्ययलाई एक कोशेढुंगा नै मान्न सकिन्छ । किनकी सबै पक्षको विकासको मेरुदण्डका रुपमा रहेको शिक्षाको विकासमा व्यक्ति समाज र राष्ट्रको ठुलो आर्थिक लगानी गर्नुपर्ने देखिन्छ । राम्रो व्यवस्थापन भएमा मात्र यस क्षेत्रमा गरिएको लगानीबाट आशा अनुरुप प्रतिफल पाउन सकिन्छ ।

शैक्षिक गुणस्तरलाई वृद्धि गर्न विभिन्न माध्यमबाट सङ्कलन भएका वित्तीय स्रोत, बैदेशिक अनुदानलाई उचित बाँडफाँड साथै विद्यालयले वजेट निर्माण गरी सहि रुपमा शैक्षिक रुपमा पछाडि परेका विभिन्न तह वर्ग र समुदायलाई उकास्न तथा शिक्षामा पहुँच बढाउन

सहुलियत कार्यक्रम सहितको बजेट निर्माण गर्नुपर्ने देखिन्छ। यसो गर्दा विद्यालयबाट टाढा रहेका वालवालिकाहरू विद्यालयसम्म आउने विभिन्न दलित वर्गहरू, जो शैक्षिक मुलधारबाट टाढा रहेका छन् तिनीहरूसमेत विद्यालय शिक्षामा समाहित हुनसक्ने देखिन्छ।

सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको वर्तमान वास्तविकता के छ ? वित्तीय अवस्थाको अध्ययन गरी त्यसलाई स्रोत सङ्कलन एवम् परिचालनमा प्रभावकारी बनाउन आवश्यक सुधारका पाटोहरू के के हुन् ? भन्ने विषयमा यस सम्वन्धित साहित्यको पुनरावलोकनबाट आगामि दिनहरूमा वित्तीय पारदर्शिता, शैक्षिक उपलब्धिमा सुधार साथै व्यवस्थापन पक्षलाई समेत कुशल जिम्मेवारी प्रदान गराउनका निम्ति समेत यस अध्ययन उपयोगी रहेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोध अनुसन्धान कार्यका निम्ति आवश्यक तथ्य तथ्याङ्कहरू सङ्कलन तथा ती तथ्याङ्कहरूको विश्लेषण गरी निष्कर्षमा पुग्दै आवश्यक सुझावहरू समेत प्रदान गरी अध्ययनलाई थप प्रभावकारी बनाउनका निम्ति मिश्रित ढाँचा तथा अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट

यस शोध अनुसन्धानको निम्ति आवश्यक पर्ने सम्वन्धित जनसंख्याको निम्ति खोटाङ्ग जिल्लाको २३ वटा स्रोतकेन्द्रहरूमा मध्ये चिसापानी स्रोतकेन्द्रका ४ वटा सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरू क्रमश : बालसेवा प्रा.वि. मालवासे, सरस्वती प्रा.वि.वैरीन्टार, सिंहदेवी प्रा.वि. पाथिभरा र सिद्धेश्वरी प्रा.वि. केरावारी साथै ती विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, अभिभावक र स्रोतव्यक्तिलाई जनसंख्याको रुपमा लिइएको छ । साथै चिसापानी स्रोतकेन्द्रका एक स्रोतव्यक्ति, ४ जना प्र.अ.हरू, ३ जना शिक्षकहरूलाई समेत उद्देश्यमूलक नमुना छनोट विधिद्वारा आवश्यक जनसंख्याका रुपमा नमुना छनोट गरिएको छ ।

खोटाङ जिल्लामा भएका जम्मा २३ वटा स्रोतकेन्द्रहरूलाई गोलाप्रथाद्वारा कुनै एक स्रोतकेन्द्रको छनोट गर्दा चिसापानी स्रोतकेन्द्र पर्न गएको छ । त्यसपछि यस स्रोतकेन्द्रका १८ वटा सामुदायिक विद्यालयहरू मध्ये उद्देश्यमूलक नमुना छनोटबाट सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको छनोट गर्दा जम्मा ४ वटा विद्यालय र त्यससँग सम्बन्धित सरोकारवालाहरूलाई उद्देश्यमूलक नमुना छनोटबाट लिएर आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

प्रस्तुत शोधपत्र तयार पार्नका निम्ति शोध अध्ययनको क्षेत्र अन्तर्गत चिसापानी स्रोतकेन्द्र भित्रका चिसापानी गा.वि.स. वडा नं. १ स्थित मालवासे, वडा नं. ६ स्थित वैरिन्टार, वडा

नं.७ स्थित पाथिभरा र दिप्लुङ्ग गा.वि.स. वडा नं. १ स्थित केरावारी गाउँ नै छनोटमा परी अध्ययन गरिने विद्यालयका सेवाक्षेत्रहरू भएकाले तिनै स्थानहरू र यी विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, शिक्षकहरू नै यस शोध अध्ययनका तथ्याङ्कका स्रोतहरू रहेका छन् भने ती विद्यालयहरूको आ.व. २०६९।०७० र २०७०।०७१ का आय व्यय सम्बन्धी लेखा परीक्षण प्रतिवेदनको अध्ययन गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

यस शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका निम्ति उद्देश्य, साधन, स्रोत र समयलाई ध्यानमा राख्दै अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने प्रक्रियामा आवश्यक र उपयोगी विभिन्न साधनहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । जस अन्तर्गत अवलोकन फारम, अन्तर्वार्ता सूची र समूह छलफल जस्ता साधनहरू प्रयोग गरिएका छन् ।

#### ३.४.१ अवलोकन फारम

यस शोध अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिहरूसँग आवश्यक भेटघाट र आपसी छलफलका आधारमा प्रत्येक विद्यालयमा रहेका विभिन्न अभिलेखहरू, स्मारिकाहरू, विद्यालय सुधार योजनाका दस्तावेजहरू, फ्लास १ र २ लगायत अन्य आवश्यक लिखित सामग्रीहरूको प्रत्यक्ष अवलोकन गरी अवलोकन फारम भरी आवश्यक प्रशोधन गर्दै शोध अनुसन्धान पत्र तयार पारिएको छ । यसरी तयार पारिएको अवलोकन फारम अनुसूची ६ मा राखिएको छ ।

#### ३.४.२ अन्तर्वार्ता सूची

प्रस्तुत शोधकार्यलाई निचोडसम्म पुऱ्याउनका निम्ति उद्देश्यमूलक नमूना छनोट अनि गुणात्मक अनुसन्धानको सहयोगले आवश्यक तथ्यहरू, विचारहरू बाहिर ल्याउनका निम्ति अन्तर्वार्ताले सहयोग गर्ने हुँदा विशेषत: अर्धसंरचित अन्तर्वार्ता प्रयोग गरिएको छ । जस अनुसार विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, स्रोतव्यक्तिका निम्ति केही निर्देशित प्रश्नहरू तयार पारी अन्तर्वार्ता सम्पन्न गरी शोध अनुसन्धान पत्र तयार पारिएको छ । यसरी निर्मित अर्धसंरचित अन्तर्वार्ता प्रश्नावली अनुसूची १ देखि ५ सम्म राखिएको छ ।

### ३.४.३ समुह छलफल

जुनसुकै उद्देश्य प्राप्तिका निम्ति पनि समूह छलफल एक महत्वपूर्ण कार्य हो । किनकी शोध अनुसन्धान कार्यका लागि चाहिने तथ्याङ्क सङ्कलन गर्न यसको उल्लेखनीय भूमिका रहन्छ । सामुहिक छलफल कुनै पनि वस्तु वा सोहि विषयमा मानिसले के कसरी कुनै पनि कुरालाई महसुस गरिरहेका छन् भनी पत्ता लगाउने सामुहिक अन्तर्वार्ता हो । यस समूह छलफल अन्तर्गत सम्बन्धित विद्यालयका प्र.अ. र शिक्षकहरूलाई एकसाथ राखी सम्बन्धित विषयसँग सम्बद्ध तथ्याङ्कहरू सङ्कलन गरिएको छ भने प्र.अ.सँग समय मिलाइ मागेर अनुरोध गरी सम्पूर्ण विद्यालयका वि.व्य.स.अध्यक्ष र केही अभिभावकहरूलाई समेत विभिन्न मिति र समयमा पालैपालो विद्यालयमा सामुहिक छलफल गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोध अध्ययनलाई उद्देश्यमूलक बनाउन छनोटमा परेका विद्यालयसँग प्रत्यक्ष सम्पर्क, परामर्श र तोकिएको नियमानुसार निवेदन गरी अध्ययनको स्थिति प्राप्त गरिएको छ । स्वीकृत क्षेत्रको स्थालगत भ्रमण, अवलोकन, समूह छलफल आदि साधनहरूको उपयोग गरी नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति आदिबाट समेत प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ  भने द्वितीय स्रोत तथ्याङ्कका लागि विद्यालयका अभिलेखहरू स्रोतकेन्द्रका अभिलेखहरूबाट समेत तथ्याङ्क सूचनाहरू सङ्कलन गरिएको छ  ।

### ३.६ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क तथा सूचना सङ्कलनका प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट सङ्कलित तथ्याङ्कलाई वर्गीकरण सामुहिकीकरण, तालिकीकरण गरी विश्लेषण गरिएको छ र ती तथ्याङ्कहरूको आवश्यक अन्तिम विश्लेषण र वर्गीकरण गरी तालिका प्रतिशत आदिमा समेत आवश्यकता अनुरुप प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

# नतिजाको छलफल

कोरा तथ्याङ्क तथा प्रतिक्रियाहरूले मात्र विषयवस्तुहरूलाई निष्कर्षमा पुऱ्याउन सक्दैन त्यसैले प्राप्त तथ्याङ्क तथा प्रतिक्रियाहरूलाई सत्य तथ्यको आधारमा व्याख्या विश्लेषण गर्दै निष्कर्ष तर्फ उन्मुख हुनु जरुरी छ । यस शोध कार्यका लागि आवश्यक पर्ने गुणात्मक तथा परिमाणात्मक सुचनाहरूलाई विषय, प्रकृति र क्षेत्र अनुसार वर्गीकरण गरिएको छ ।

## ४.१ सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयको आर्थिक स्रोत पहिचान

कुनै पनि संघ संस्था प्रभावकरी रुपले सञ्चालन गर्नका लागि वित्तीय स्रोतको अपरिहार्यता हुन्छ । वित्तीय स्रोतको अभावमा संघ संस्थाहरू व्यवस्थित तवरले सञ्चालन गर्न कठिन हुन्छ । त्यसै अनुरुप विद्यालय पनि एक यस्तो सार्वजनिक संस्था हो जुन आर्थिक स्रोत विना सञ्चालन हुन सक्दैन । शैक्षिक गुणस्तर दिने क्रममा वित्तीय प्रणाली परिचालन प्रभावकारी हुनु पर्दछ । तसर्थ सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आर्थिक स्रोतको अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका विद्यालयहरूको आर्थिक वर्ष २०६९/०७० र २०७०/०७१ को वित्तीय स्रोत सङ्कलन र परिचालनको अध्ययन गरियो विद्यालयको वित्तीय स्रोत व्यवस्थापनको अवस्थालाई अध्ययन गर्न आम्दानीका स्रोत र खर्चका शीर्षकलाई अलग अलग तालिकामा राखेर तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । विद्यालय पिच्छे केही आम्दानी तथा खर्चका स्रोतका शीर्षकहरू फरक परेकालाई समेत खुलाइएको छ ।

### ४.१.१ सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयको स्रोत सङ्कलन

विद्यालय सञ्चालनका लागि सामुदायिक विद्यालयहरूले सरकारी तथा गैर सरकारी विभिन्न माध्यमबाट आर्थिक स्रोत सङ्कलन गरेको पाइन्छ । छनोट गरिएका विद्यालयहरूको स्थलगत अध्ययन गरी प्राप्त गरेका विभिन्न आर्थिक वर्षको सङ्कलित विवरणहरू मध्ये आ.व.२०६९/०७० को ती विद्यालयहरूको आर्थिक स्रोत सङ्कलन सम्बन्धी तालिकालाई अनुसूचीमा राखिएको छ । उक्त आर्थिक स्रोत सङ्कलन विवरणलाई अध्ययन गर्दा विविध शीर्षक र नगद परिमाण पाउन सकिन्छ ।

सञ्चालन अनुमति प्राप्त अध्ययनको परिसीमामा समेटिएका चिसापानी स्रोतकेन्द्रका चारवटा विद्यालयहरू क्रमशः बालसेवा प्रा.वि., सरस्वती प्रा.वि., सिंहदेवी प्रा.वि. र सिद्धेश्वरी प्रा.वि.का आम्दानीका विविध स्रोत शीर्षकहरूलाई अध्ययन गर्दा क्रमशः बालसेवा प्रा.वि. मालबासेको आ.व.०६९/०७० को आम्दानीको बैंक मौज्दात शीर्षकमा रु. १,००,३४३।- रहेको छ भने नगद मौज्दात अन्तर्गत रु. ९८,७२७।- देखिन्छ। त्यस्तै अन्य शीर्षकहरूमा क्रमशः सरकारी अनुदान, शिक्षक तलब भत्तामा रु. ३,५३,५९०।- छात्रवृत्तिमा रु. २८,४००।- शैक्षिक सामग्रीमा रु. ११,९०२।-, पाठ्यपुस्तकमा रु. १७,४८८।-, व्यवस्थापनमा रु. ४२,०००।-, मसलन्दमा रु. १४,०००।-, निर्माण निकासामा रु. २,५०,०००।-, चन्दा सहयोगमा रु. ४०,०००।- भई कुल रु. ९,५६,४५०।- देखिन आएको छ।

सरस्वती प्रा.वि.वैरिनटारको आ.व. ०६९/०७० को आम्दानीको स्रोत सङ्कलनलाई अध्ययन गर्दा बैंक मौज्दात शीर्षकमा रु. १,४५,१८१।- रहेको छ भने नगद मौज्दात अन्तर्गत रु. १४४२।- देखिन्छ। त्यस्तै अन्य आयमा रु. १,०००।-, शिक्षक तलब भत्तामा रु. ३,५४,९००।- छात्रवृत्तिमा रु. १२,१००।- शैक्षिक सामग्रीमा रु. ६,४५०।-, पाठ्यपुस्तकमा रु. ४,५१३।-, व्यवस्थापनमा रु. १६,०००।-, मसलन्दमा रु. १६,०००।-, निर्माण निकासामा रु. १०,५००।-, चन्दा सहयोगमा रु. १५,०००।- गरी जम्मा रु. ५,८३,०८६।- जम्मा भएको देखिन्छ।

सिंहदेवी प्रा.वि.पाथिभरामा पनि बालसेवा र सरस्वती प्रा.वि.मा झैँ करिब करिब मिल्दोजुल्दो शीर्षकहरूमा आम्दानी सङ्कलन भएको छ। जस अन्तर्गत बैंक मौज्दातमा रु. १७,१८५।-, नगद मौज्दातमा रु. २५००।-, सरकारी अनुदान शिक्षक तलबमा रु. १,७५,७९५।-, छात्रवृत्तिमा रु. ७,५००।-, शैक्षिक सामग्रीमा रु. २,३२०।-, निःशुल्क पाठ्यपुस्तकमा रु. ३,५००।-, व्यवस्थापनमा रु. ७,०००।-, मसलन्दमा रु. ५,३००।-, निर्माणमा रु. ८,४००।-, बा.वि.के.मा रु. ३२,२००।-, चन्दा सहयोगमा रु. ७,५००।- गरी जम्मा रु. २,६९,२००।- सङ्कलन भएको छ।

सिद्धेश्वरी प्रा.वि.केराबारीमा पनि विभिन्न शीर्षकमा आम्दानीका हिस्साहरू सङ्कलन भएका छन्। जसअनुसार बैंक मौज्दातमा रु. १०,७१०।-, नगद मौज्दातमा रु. ६,५१०।-, अन्य आयमा रु. १,०००।-, शिक्षक तलबमा रु. ३,३४,१५२।-, छात्रवृत्तिमा रु. २७,५००।-, शैक्षिक सामग्रीमा रु. २,५००।-, पाठ्यपुस्तकमा रु. २७,४९४।- व्यवस्थापनमा रु. १५,०००।-,

मसलन्दमा रु. ३,३००।-, निर्माणमा रु. १०,३००।-, बा.वि.के.मा रु. ३२,२००।-, चन्दा सहयोगमा रु. ११,२००।- गरी जम्मा ४,८१,८६६।- आय रहेको देखिन्छ।

सञ्चालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयको कुल आम्दानीको ९६.७ प्रतिशत रकम सरकारी अनुदान बाट प्राप्त भएको देखिन्छ। विद्यालय मार्फत दलित, महिला, अपांग, जेहन्दार आदिलाई दिइने छात्रवृत्ति कुल आम्दानीको ३.२९ प्रतिशत रहेको छ। विद्यालयको जग्गा, भवन, व्याज तथा अन्य आन्तरिक स्रोत परिचालन बाट न्यून आम्दानी भएको देखिन्छ। जसले कुल आम्दानीको ०.०८ प्रतिशत ओगटेको छ। तुलनात्मक रुपबाट विभिन्न गैरसरकारी संस्थाबाट विद्यालयले आर्थिक स्रोत प्राप्त गरेको देखिन्न विद्यालय सञ्चालन गर्ने क्रममा समुदायसँग भौतिक निर्माण कार्य गर्ने गर्दा आर्थिक तथा भौतिक सहयोग लिने गरेको देखिन्छ। समुदायको आर्थिक सहयोग कुल आम्दानीको ३.२१ प्रतिशत रहेको छ। वर्षै पिच्छे विभिन्न शीर्षकबाट आम्दानी भएको रकम सङ्कलन भई वैङ्क मौज्दात रहेको पनि देखिन्छ। यो रकम कुल आम्दानीको ११.९३ प्रतिशत रहेको छ। काम गर्ने सन्दर्भमा खर्च गरेर वचेको रकम नगद मौज्दातको रुपमा रहेको छ। जुन कुल आम्दानीको ४.७६ प्रतिशत रहेको देखिन्छ भने शैक्षिक सामग्री बापत सरकारले उपलव्ध गराएको रकम कुल आम्दानीको १.०१ प्रतिशत रहेको छ।

सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आ.व.२०७०/०७१ को स्रोत सङ्कलन सम्बन्धी विभिन्न विवरण अभिलेखहरूलाई अध्ययन गर्दा बालसेवा प्रा.वि.को बैंक मौज्दात रु. १,३४,५८६।- रहेको छ भने नगद मौज्दात तर्फ रु. ३९,७३०।-, अन्य आयस्रोत तर्फबाट रु. २,०३५।-, शिक्षक तलब भत्ताको शीर्षकमा सरकारी अनुदान ४,४२,४६०।-, दलित लगायत छात्रवृत्तिको शीर्षक अन्तर्गत २५,२५०।-, व्यवस्थापन विषयमा रु. ४०,०००।- आम्दानी प्राप्त भएको छ।

अध्ययनको परिसीमामा परेका विभिन्न विद्यालयहरूमध्ये अर्को विद्यालय सरस्वती प्रा.वि.को सन्दर्भमा अध्ययन गर्दा चाहिँ बैंक मौज्दातमा रु. १,०५,१४४।- रहेको देखिन्छ। त्यसपछि नगद मौज्दात रु. १३,०२०।-, जग्गा तथा अन्य आय तर्फ रु. २,०००।-, शिक्षक तलब भत्ताका लागि सरकारी अनुदान ४,४२,४६०।-, विभिन्न शीर्षकका छात्रवृत्तिमा रु. ५,९००।-, व्यवस्थापनका निम्ति रु. २०,०००।-, पाठ्यपुस्तक शीर्षकमा रु. ४,०२६।- र

मसलन्द अन्तर्गत रु. १४,०००।-, शैक्षिक सामग्रीका लागि ५,७००।- गरी जम्मा ६,१२,४३०।- स्रोत सङ्कलन भएको छ ।

सिंहदेवी प्रा.वि.पाथिभराको आ.व.०७०/०७१ को आम्दानी स्रोत सङ्कलनलाई अध्ययन गर्दा बैंक मौज्दात अन्तर्गत ४४,४००।-, शिक्षक तलब भत्ताको सरकारी अनुदान तर्फ २,२१,२३०।-, छात्रवृत्ति तर्फ रु. ९,०००।-, व्यवस्थापनका निम्ति रु. २०,०००।-, पाठ्यपुस्तकमा रु. ७,०१०।-, विद्यालय सञ्चालनको मसलन्द तर्फरु. १४,०००।-, शैक्षिक सामग्री खरिदका निम्ति ७,२००।- तथा निर्माण निकासाका लागि रु. २,५०,०००।- गरी जम्मा ५,७२,८४०।- स्रोत सङ्कलन भएको देखिन्छ ।

सिद्धेश्वरी प्रा.वि.को आ.व.०७०/०७१ को आम्दानी स्रोत सङ्कलनलाई अध्ययन गर्दा बैंक मौज्दात अन्तर्गत १,३८,३६४।- रहेको छ । शिक्षक तलब भत्ताका लागि सरकारी अनुदान रु. ४,८२,८६०।-, छात्रवृत्ति रु. ४,८००।-, व्यवस्थापन वापत रु. २०,०००।-, पाठ्यपुस्तक रु. ३,७५०।-, विद्यालय सञ्चालनार्थ मसलन्द विविधमा रु. १४,०००।-, शैक्षिक सामग्रीमा ८,२५०।- गरी जम्मा रु. ६,७२,०२४।- आम्दानी सङ्कलन भएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा अध्ययन गरिएका सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको कुल आम्दानीको ६१.२५ प्रतिशत तलव भत्तामा, १.७३ प्रतिशत छात्रवृत्तिमा ९.६३ प्रतिशत भौतिक निर्माणमा र ३.८५ प्रतिशत व्यवस्थापन खर्चमा अनुदान प्राप्त भएको छ । सरकारी अनुदानलाई मात्र केलाउँदा अनुदानको ७६.७६ प्रतिशत शिक्षक तलव भत्ता, छात्रवृत्ति, व्यवस्थापन र भौतिक निर्माणका लागि अनुदान दिएको पाइन्छ । यस्ता सामुदायिक प्राथमिक विद्यालयहरूमा विद्यालय तह पूरा गरेका विद्यार्थीहरूबाट प्रमाणपत्र शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क जस्ता शीर्षकहरूमा विद्यालयको व्यवस्थापन समितिको निर्णय अनुसार कुनै शुल्क तोकी आम्दानी गर्ने गरेको देखिन्न साथै यी विद्यालयहरूको आम्दानीको स्रोतको रुपमा जग्गा रहेको पनि देखिँदैन ।

चिसापानी स्रोतकेन्द्र अन्तर्गतका सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आ.व.०६९/०७० र ०७०/०७१ को संयुक्त वित्तीय आम्दानीको विवरण अभिलेखहरूलाई अध्ययन गर्दा बालसेवा प्रा.वि., सरस्वती प्रा.वि., सिंहदेवी प्रा.वि. र सिद्धेश्वरी प्रा.वि. गरी ४ वटै विद्यालयहरूको २ आ.व.को आम्दानी स्रोत सङ्कलनलाई हेर्दा बैंक मौज्दात अन्तर्गत आ.व.०६९/०७० मा २,७३,४१९।- र ०७०/०७१ मा ४,२२,४९४।-

गरी जम्मा ६,९५,९१३।- रहेको छ। नगद मौज्दात अन्तर्गत आ.व.०६९/०७० मा १,०९,१७९।- र ०७०/०७१ मा ५२,९३०।- गरी जम्मा १,६२,१०९।- रहेको छ। व्याज तथा अन्य आयबाट आ.व.०६९/०७० मा २,०००।- र ०७०/०७१ मा ४,०३५।- गरी जम्मा ६,०३५।- रहेको छ। शिक्षक तलब भत्ताका लागि सरकारी अनुदान वापत आ.व.०६९/०७० मा १२,१८,४३७।- र ०७०/०७१ मा १५,८९,०१०।- गरी जम्मा २८,०७,४४७ ।- सङ्कलन भएको छ। छात्रवृत्तिका लागि आ.व.०६९/०७० मा ७५,५००।- र ०७०/०७१ मा ४४,९५०।- गरी जम्मा १,२०,४५०।- प्राप्त भएको छ। शैक्षिक सामग्रीको शीर्षक अन्तर्गत आ.व.०६९/०७० मा २३,१७२।- र ०७०/०७१ मा ३५,५५०।- गरी जम्मा ५८,७२२।- रकम प्राप्त भएको छ। त्यसैगरी निशुल्क पाठ्यपुस्तकका निम्ति आ.व.०६९/०७० मा ५२,९९५।- र ०७०/०७१ मा २८,८२८।- गरी जम्मा ८१,८२३।- रकम जम्मा भएको छ। व्यवस्थापन अन्तर्गत आ.व.०६९/०७० मा ८०,०००।- र ०७०/०७१ मा १,००,०००।- गरी जम्मा १,८०,०००।- रहेको छ। मसलन्द अन्तर्गत आ.व.०६९/०७० मा ३८,६००।- र ०७०/०७१ मा ५६,०००।- गरी जम्मा ९४,६००।- रकम प्राप्त भएको छ। विभिन्न निर्माण निकासाका लागि आ.व.०६९/०७० मा २,७९,२००।- र ०७०/०७१ मा २,५०,०००।- गरी जम्मा ५,२९,२००।- आम्दानी प्राप्त भएको छ। बाल विकास केन्द्रका लागि आ.व.०६९/०७० मा ६४,४००।- र आ.व. ०७०/०७१ मा निकासा भएको देखिन्न। अनि चन्दा शीर्षकमा आ.व.०६९/०७० मा ७३,७००।- र आ.व. ०७०/०७१ मा कुनै पनि रकम प्राप्त भएको देखिँदैन।

माथिको अध्ययनबाट के पाउन सकिन्छ भने आ.ब. २०६९/०७० र २०७०/०७१ को ती विद्यालयहरूको आम्दानीको ठूलो हिस्सा शिक्षक तलब भत्ता रहेको जुन कुल आम्दानीको ५७.४७ प्रतिशत रहेको छ भने त्यसपछि अर्को दोस्रो ठूलो हिस्सा भनेको बैंक मौज्दात जुन १४.२४ प्रतिशत रहेको देखिन्छ। त्यस्तै सबैभन्दा न्यून आय हिस्सा भनेको व्याज तथा घर जग्गाबाट ०.१२ प्रतिशत आय देखिन्छ। यी दुई आ.ब.का आम्दानीका शीर्षकहरूमा समान मात्रामा आय सङ्कलन भएको देखिँदैन।

आ.व. २०६९/०७० र २०७०/०७१ को संयुक्त वित्तीय आम्दानीको विवरणमा सरकारी अनुदान विभिन्न शीर्षकमा भएको देखिन्छ। कुल आम्दानीको ८०.९५ प्रतिशत सरकारी अनुदान मध्ये ५७.४७ प्रतिशत शिक्षकहरूका लागि तलव भत्ता र बाँकि छात्रवृत्ति,

पाठ्यपुस्तक, भौतिक सामग्री लगायत अन्य शीर्षकमा खर्च भएको देखिन्छ । विद्यालयलाई सरकारले दिएको अनुदानले नपुगेर विभिन्न शीर्षकमा आन्तरिक स्रोतबाट आम्दानी गरेको पनि देखिन्छ । माध्यमिक तह सम्मको शिक्षा निशुल्क भनिए तापनि विद्यालयको व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालय सञ्चालनमा आवश्यक पर्ने भवन निर्माण, कम्पाउन्ड निर्माण जस्ता भौतिक संरचना तयार गर्दा नियमित रुपमा विद्यालयले समुदायबाट आम्दानी सहयोग लिदै आएको देखिन्छ ।  बार्षिक आम्दानीको केही प्रतिशत वैंक मौज्दात रहनुले विद्यालय मजबुद भएको बुझाउँदछ । तर ती विद्यालयहरूको आम्दानी निरन्तर हुनु पर्नेमा विद्यालयको आम्दानीको स्रोतको रुपमा जग्गा लगायत अन्य स्रोत नरहेकाले आम्दानी कमजोर देखिन्छ ।

### ४.१.२ आर्थिक स्रोत उपभोगको स्थिति

विद्यालयको निर्धारित उद्देश्य पूरा गर्नका लागि स्रोतको पहिचान, सङ्कलन र सङ्कलित स्रोतको परिचालन तथा उपभोग गर्ने कुरा महत्त्वपूर्ण मानिन्छ । स्रोत सङ्कलन गरिसकेपछि ती स्रोतहरूलाई प्राथमिकताका आधारमा वैज्ञानिक तवरले बाँडफाँड गरी सही परिचालन तथा सदुपयोग भए मात्र संस्थाले लक्ष्य अनुरुप उद्देश्य पूरा गर्न सक्दछ । शिक्षण क्रियाकलाप सुचारु रुपमा सञ्चालन गर्न शिक्षण क्रियाकलाप सार्थक बनाउन विद्यालयमा रहेका आर्थिक, भौतिक तथा मानवीय स्रोत परिचालन गर्ने प्रमुख दायित्व विद्यालय प्रशासकको हुन आउँछ । विद्यालयमा प्राप्त आम्दानी उपभोग कसरी गरिएको छ भनी अध्ययन गर्न छनोटमा परेका ४ वटा विद्यालयहरूको आम्दानीलाई कुन कुन शीर्षकमा के कसरी खर्च गरिएको छ भनी उक्त विद्यालयहरूको दुई वर्षे खर्च विवरणलाई हेरिएको छ । जसको अध्ययन गर्दा चिसापानी स्रोतकेन्द्रमा रहेका सरकारी अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूले आ.व.०६९/०७० र ०७०/०७१ मा प्राप्त गरेका आम्दानीहरूलाई के कसरी कुन शीर्षकमा कति मात्रामा उपभोग गरे भनी उपभोगको स्थितिलाई अध्ययन गर्दा प्रथमतः आ.व. ०६९/०७० मा प्राप्त भएको आम्दानीको हिस्सालाई बालसेवा प्रा.वि.ले बैंक मौज्दात अन्तर्गत १,३४,५८६।- रहेको छ भने शिक्षक तलब भत्ता अन्तर्गत रु. ४,४५,३६०।-, नगद मौज्दातमा रु. १,७४,००१।-, छात्रवृत्तिमा रु. २६,०००।-, निशुल्क पाठ्यपुस्तक खरिद वितरणमा रु. १४,३३८।-रहेको छ भने शैक्षिक सामग्री र मसलन्द शीर्षकमा रु. ६,१३०।- खर्च भएको छ । त्यसैगरी भौतिक निर्माणतर्फ रु. १,३५,७३०।-,

परीक्षा लेखा परीक्षणका लागि रु. १,०५०।-, छपाई अन्तर्गत रु. १२,७०७।-, सामाजिक सुरक्षा कर अन्तर्गत रु. ३,५४८।- र SIP निर्माणका लागि रु. ३,०००।- खर्च भई जम्मा रु. ९,५६,४५०।- खर्च हुन गएको देखिन्छ ।

सरस्वती प्रा.वि.वैरिनटारले आ.व. ०६९/०७० मा जम्मा गरेको आम्दानीबाट बैंक मौज्दात अन्तर्गत १,०५,१४४।- खर्च गरेको देखिन्छ भने शिक्षक तलब भत्ता अन्तर्गत रु. ३,८७,८५१।-, नगद मौज्दातमा रु. ३९,८६०।-, छात्रवृत्तिमा रु. १०,५००।-, निशुल्क पाठ्यपुस्तक खरिद वितरणमा रु. ५,६३६।-रहेको छ भने शैक्षिक सामग्री र मसलन्द शीर्षकमा रु. ७,२०१।- खर्च भएको छ । त्यसैगरी भौतिक निर्माणतर्फ रु. १६,७००।-, परीक्षा लेखा परीक्षणका लागि रु. ९०५।-, छपाई अन्तर्गत रु. ९००।-, सामाजिक सुरक्षा कर अन्तर्गत रु. ३,५४९।- र SIP निर्माणका लागि रु. ४,८४०।- गरी जम्मा रु. ५,८३,०८६।- रकम खर्च भएको छ ।

सिंहदेवी प्रा.वि.पाथिभराले आ.व. ०६९/०७० मा गरेको जम्मा आम्दानीबाट विभिन्न शीर्षकका खर्चहरूलाई हेर्दा बैंक मौज्दात अन्तर्गत २०,८७५।- खर्च गरेको देखिन्छ भने शिक्षक तलब भत्ता अन्तर्गत रु. २,०१,८६६।-, छात्रवृत्तिमा रु. १४,०००।-, निशुल्क पाठ्यपुस्तक खरिद वितरणमा रु. ८,३८२।-रहेको छ भने शैक्षिक सामग्री र मसलन्द शीर्षकमा रु. ९,०५३।- खर्च भएको छ । त्यसैगरी भौतिक निर्माणतर्फ रु. ५,६००।-, परीक्षा लेखा परीक्षणका लागि रु. ८५०।-, छपाई अन्तर्गत रु. ४३००।-, सामाजिक सुरक्षा कर अन्तर्गत रु. १७७४।- र SIP निर्माणका लागि रु. २,५००।- गरी जम्मा रु. २,६९,२००।- खर्च भएको देखिन्छ ।

सिद्धेश्वरी प्रा.वि.केराबारीको आ.व. ०६९/०७० मा गरेको जम्मा आम्दानीबाट बैंक मौज्दात अन्तर्गत १,३८,३६४।- खर्च गरेको देखिन्छ भने शिक्षक तलब भत्ता अन्तर्गत रु. २,७८,०७४।-, नगद मौज्दातमा रु. ८,१५१।-, छात्रवृत्तिमा रु. ६,८००।-, निशुल्क पाठ्यपुस्तक खरिद वितरणमा रु. ४,०६०।- रहेको छ भने शैक्षिक सामग्री र मसलन्द शीर्षकमा रु. १४,२२८।-खर्च भएको छ । त्यसैगरी भौतिक निर्माणतर्फ रु. ६,१४०।-, परीक्षा लेखा परीक्षणका लागि रु. १५,०००।-, छपाई अन्तर्गत रु. १,९००।-, सामाजिक सुरक्षा कर अन्तर्गत रु. ३,५४९।- र SIP निर्माणका लागि रु. ५,६००।- गरी जम्मा रु. ४,८१,८६६।- रकम खर्च भएको अध्ययनले देखाउँछ ।

आ.व. २०६९/०७० को खर्चको अध्ययन गर्दा कुल खर्चको ५७.३२ प्रतिशत शिक्षकको तलव भत्तामा खर्च भएको देखिन्छ। भौतिक सामग्री निर्माणका लागि कुल खर्चको ७.१६ प्रतिशत रकम खर्च भएको देखिन्छ। सञ्चालित कक्षाको अनुपातमा केही विद्यालयमा शिक्षक सङ्ख्या कमी नै रहेको पाइएता पनि निजी स्रोतबाट तलव भुत्तानी गरिने गरी शिक्षक नियुक्ति गर्न आर्थिक स्रोतको अभावले सीमित शिक्षकले नै सञ्चालित कक्षाहरू चलाइरहेको पाइयो। छपाई तथा परीक्षाका लागि अत्यन्तै न्यून खर्च भएको देखिन्छ भने छात्रवृत्तिमा जिल्ला शिक्षा कार्यालयबाट निकासा भए अनुसार कुल खर्चको २.५ प्रतिशत खर्च भएको देखिन्छ। शैक्षिक सामग्री निर्माण गर्न खरिद गर्न अत्यन्तै न्यून रकम १.५९ प्रतिशत खर्च भएको देखिन्छ भने विद्यालयहरूले दैनिक भ्रमण भत्ता बापत खर्च देखाएको पाइँदैन।

छनोटमा परेका ४ वटा सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आ.व. २०७०/२०७१ मा प्राप्त आम्दानीहरूलाई कुन कुन शीर्षकमा के कसरी खर्च गरे भनी स्थालगत अध्ययन गर्दा अडिट रिपोर्टको आधारमा प्राप्त तथ्याङ्कहरूलाई अध्ययन गरी प्रस्तुत गरिएको छ।

बालसेवा प्रा.वि.मालबासेले आ.व.०७०/०७१ मा सङ्कलन गरेको जम्मा आम्दानी मध्ये बैंक मौज्दात अन्तर्गत ६२,७४७।-, शिक्षक तलब भत्ता अन्तर्गत रु. ५,०५,८०७।-, छात्रवृत्तिमा रु. २१,२५०।-, प्रशासनिक खर्चमा रु. १०,७९६।-, पाठ्यपुस्तक खरिद वितरणमा रु. १४,१०१।- खर्च रहेको छ भने शैक्षिक सामग्रीमा २,१२५।- र मसलन्द छपाई शीर्षकमा रु. १,७७३।- खर्च भएको छ। त्यसैगरी भौतिक निर्माणतर्फ रु. ९५,०१५।-,लेखा परीक्षणका लागि रु. १४,०००।-, विविध अन्तर्गत रु. ६८५।-, सामाजिक सुरक्षा कर अन्तर्गत रु. ४,१८८।-, आर्थिक सहयोगका लागि रु. १,००० र परीक्षाका लागि रु. ३,४५०।- खर्च भई जम्मा रु. ७,३६,९३७।- खर्च हुन गएको छ।

सरस्वती प्रा.वि.वैरिनटारले आ.व. ०७०/०७१ मा गरेको आम्दानीको हिस्साबाट बैंक मौज्दातमा रु. १,१४,१५५।-, शिक्षक तलब भत्तामा रु. ४,५१,६१६।-, छात्रवृत्तिमा रु.५,९५०।-, प्रशासनिक खर्चमा रु. ६,७००।-, पाठ्यपुस्तक खरिद वितरणमा रु. ५,७१६।-खर्च रहेको छ भने शैक्षिक सामग्रीमा १,३७०।- र मसलन्द छपाई शीर्षकमा रु. ३,३७५।- खर्च भएको छ। त्यसैगरी भौतिक निर्माणतर्फ रु. १२,७०८।-, लेखा परीक्षणका लागि रु. ६,०००।-, विविध

अन्तर्गत रु. ६५५।-, सामाजिक सुरक्षा कर अन्तर्गत रु. ४,१८५।- गरी जम्मा रु. ६,१२,४३०।- खर्च हुन गएको अध्ययनले देखाएको छ ।

सिंहदेवी प्रा.वि. पाथिभराको आ.व. ०७०/०७१ मा गरेको आम्दानीको कुल हिस्सामध्येबाट बैंक मौज्दातमा रु. ४४,४००।-, शिक्षक तलब भत्तामा रु. २,२१,२३०।-, छात्रवृत्तिमा रु. ९,०००।-, प्रशासनिक खर्चमा रु. २०,०००।-, पाठ्यपुस्तक खरिद वितरणमा रु. ७,०१०।- खर्च रहेको छ भने शैक्षिक सामग्रीमा ७,२००।- र मसलन्द छपाई शीर्षकमा रु. ९,०००।- खर्च भएको छ । त्यसैगरी भौतिक निर्माणतर्फ रु. २,५०,०००।-, लेखा परीक्षणका लागि रु. ५,०००।- गरी जम्मा रु. ५,७२,८४०।- खर्च हुन गएको देखिन्छ ।

चिसापानी स्रोतकेन्द्र अन्तर्गतको अर्को विद्यालय सिद्धेश्वरी प्रा.वि.केराबारीको आ.व. ०७०/०७१ मा गरेको आम्दानीको कुल हिस्साबाट बैंक मौज्दातमा रु. १,३८,३६४।-, शिक्षक तलब भत्तामा रु. ४,९८,९८३।-, छात्रवृत्तिमा रु. ४,८००।-, पाठ्यपुस्तक खरिद वितरणमा रु. ५,११२।-खर्च रहेको छ भने मसलन्द छपाई शीर्षकमा रु. ३,९५०।- खर्च भएको छ । त्यसैगरी भौतिक निर्माणतर्फ रु. ३,८७०।-, लेखा परीक्षणका लागि रु. ६,०००।-, विविध खर्च रु. ६,५१६।-, सामाजिक सुरक्षा कर रु. ४,४२८।- गरी जम्मा रु. ६,७२,०२४।- खर्च हुन गएको देखिन्छ ।

अध्ययन अनुसार छनोटमा परेका विद्यालयहरूको कुल खर्चलाई हेर्दा शिक्षक तलव भत्तामा ६५.११ प्रतिशत खर्च भएको छ । कुल खर्चको १३.९६ प्रतिशत बैंक मौज्दात देखिन्छ । विद्यार्थीहरूलाई विभिन्न शीर्षकहरूमा दिइने छात्रवृत्ति र पुरस्कार कुल खर्चको १.५९ प्रतिशत छ भने शैक्षिक सामग्री र स्टेसनरी आदिमा कुल खर्चको ०.४१ प्रतिशत, भौतिक निर्माण तर्फ १४.०३ प्रतिशत भएको देखिन्छ । गत वर्षको भन्दा यस वर्षको तलव भत्ताको खर्चमा करिव २७.७५ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस तथ्याङ्कले सरकारी अनुदानको धेरै प्रतिशत शिक्षक कर्मचारीको तलव भत्तामा खर्च भएको देखिन्छ । दैनिक भ्रमण भत्ता बापत यी विद्यालयहरूमा कुनै खर्च छुट्याएको देखिँदैन । पाठ्यपुस्तकमा १.२३ प्रतिशत खर्च भएको देखिन्छ भने परीक्षा सञ्चालनको खर्च अन्य शीर्षकमा समावेश गरेर हो वा किन हो यस शीर्षकमा कुल खर्चको ०.१३ प्रतिशत मात्र खर्च भएको अडिट रिपोर्टले बताउँछ ।

छनोटमा परेका ४ वटा सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आ.व. २०६९/०७० र २०७०/०७१ मा आम्दानी गरे अनुसार कुन कुन शीर्षकमा कति कति रकम खर्च गरेका छन् भनी २ आ.व.को खर्च विवरणलाई संयुक्त राखी अध्ययन गरी प्रस्तुत गर्ने क्रममा चिसापानी स्रोतकेन्द्रका सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आ.व.०६९/०७० र आ.व. ०७०/०७१ को खर्चको संयुक्त विवरणलाई अध्ययन गर्दा आ.व. ०६९/०७० मा वैंक मौज्दातमा रु. ३,९८,९६९।- रहेको छ भने आ.व. ०७०/०७१ मा रु. ३,५९,६६६।- गरी जम्मा रु. ७,५८,६३५।- खर्च भएको छ । शिक्षक तलब भत्ता अन्तर्गत आ.व. ०६९/०७० मा रु. १३,१३,१५१।- रहेको छ भने आ.व. ०७०/०७१ मा रु. १६,७७,६३६।- गरी जम्मा रु. २९,९०,७८७।- खर्च भएको देखिन्छ । विभिन्न प्रकारका छात्रवृत्तिहरू वापत आ.व. ०६९/०७० मा रु. ५७,३००।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. ४१,०००।- गरी जम्मा रु. ९८,३००।-, पाठ्यपुस्तकमा आ.व. ०६९/०७० मा रु. ३२,४१६।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. ३१,९३९।- गरी जम्मा रु. ६४,३५५।- खर्च भएको छ । शैक्षिक सामग्रीमा आ.व. ०६९/०७० मा रु. ३६,६१२।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. १०,६९५।- गरी जम्मा रु. ४७,३०७।-, खर्च देखिन्छ ।

भौतिक निर्माण शीर्षकमा आ.व. ०६९/०७० मा रु. १,६४,१७०।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. ३,६१,५९३।- गरी जम्मा रु. ५,२५,७६३।-, खर्च भएको देखिन्छ । नगद मौज्दातमा आ.व. ०६९/०७० मा रु. २,२२,०१२।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा शून्य मौज्दात देखिन्छ । लेखा परीक्षण अन्तर्गत आ.व. ०६९/०७० मा रु. १७,८०५।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. ३१,०००।- गरी जम्मा रु. ४८,८०५।-, खर्च भएको देखिन्छ । मसलन्द र छपाई शीर्षकमा आ.व. ०६९/०७० मा रु. १९,८०७।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. १८,०९८।- गरी जम्मा रु. ३७,९०५।-, खर्च भएको छ । सामाजिक सुरक्षा कर अन्तर्गत आ.व. ०६९/०७० मा रु. १२,४२०।- खर्च भएको छ भने आ.व. ०७०/०७१ मा रु. १२,८०१।- गरी जम्मा रु. २५,२२१।-, खर्च भएको देखिन्छ ।

SIP निर्माणमा आ.व. ०६९/०७० मा रु. १५,९४०।- खर्च भएको र आ.व. ०७०/०७१ मा कुनै पनि खर्च नभएको देखिन्छ । आ.व. ०७०/०७१ मा मात्र आर्थिक सहयोगमा

रु.१,०००।-, विविध खर्चमा रु. ७,८५६।-, प्रशासनिक खर्चमा रु. १९,४९६।- र परीक्षा खर्च शीर्षकमा रु. ३,४५०।- खर्च भएको देखिन्छ। यस अध्ययनले आ.व.०६९/०७० मा कुल खर्च रु. २२,९०,६०२।- र आ.व.०७०/०७१ मा रु. २५,७६,२३०।- गरी जम्मा ४८,६६,८३२।- खर्च हुन गएको देखिन्छ।

आ.व.२०६९/०७० र २०७०/०७१ को खर्चको कुल हिस्सालाई संयुक्त रूपमा प्रस्तुत गरिएको छ। छनोटमा परेका विद्यालयहरूले गरेको खर्चको विवरणलाई संयुक्त रूपमा हेर्दा ६१.४५ प्रतिशत तलब भत्तामा खर्च भएको छ भने सबैभन्दा खर्चको सानो हिस्सा ०.०२ प्रतिशत आर्थिक सहयोगको शीर्षकमा खर्च भएको छ तर यी दुई आ.व.मा भएका खर्चको शीर्षकहरूमा समानता देखिँदैन।

माथिको अध्ययनबाट २ आ.व.को संयुक्त खर्च विवरणलाई विश्लेषण गर्दा कुल खर्चको ६१.४५ प्रतिशत रकम तलव भत्तामा खर्च भएको देखिन्छ। छात्रवृत्तिमा २.०१ प्रतिशत निशुल्क पाठ्यपुस्तक वितरण गर्ने कार्यक्रम अनुसार विद्यालयमा कुल खर्चको १.३२ प्रतिशत खर्च भएको देखिन्छ भने शैक्षिक सामग्रीमा ०.९७ प्रतिशत खर्च भएको छ। जुन विद्यार्थी संख्याको अनुपातमा निकै न्यून हो। विद्यालयमा अध्ययनरत विद्यार्थीहरू जो सीमान्तकृत, दलित, अपाङ्ग आदि विद्यार्थीहरूलाई दिइने सामुदायिक विद्यालयको छात्रवृत्ति कुल खर्चको २.०१ प्रतिशत मात्र भएकाले यो निकै न्यून देखिन्छ। भौतिक निर्माण सन्दर्भमा १०.८० प्रतिशत मात्र खर्च गरेको देखिन्छ। जुन विद्यालयको भौतिक सुविधाहरूको उपलब्धताको आधारमा निकै कम हो। दैनिक भ्रमण भत्तामा कुनै रकम खर्च गरिएको देखिँदैन। छपाई, परीक्षा, विविध आदिमा अति न्यून रकम खर्च भएको देखिन्छ। जुन आम्दानी अनुरुप नै हो।

विद्यालयले प्राप्त गरेको अधिकांश रकम तलब भत्तामा खर्च गरिनुपर्ने र विद्यालयको आन्तरिक स्रोत परिचालनबाट आएको रकम वैंक मौज्दातमा समावेश भएको देखिन्छ। आन्तरिक आम्दानीको पनि सानो अंश भए पनि विद्यार्थीको स्तर वृद्धि विकास लगायत शैक्षिक भ्रमण स्थलगत अध्ययन शैक्षिक सामग्री खरिद, छात्रवृत्ति जस्ता सहुलियत कार्यक्रममा विनियोजन गरिएमा विद्यालयको शैक्षिक तथा भौतिक वातावरणमा सुधार हुन सक्ने देखिन्छ।

### ४.१.३ विद्यालयको वित्तीय योजना तथा बजेट व्यवस्था

विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि प्रचलित शिक्षा नियमावली अनुसार लेखा प्रणालीको कार्यान्वयन गर्नुपर्ने हुन्छ । विद्यालय विशुद्ध सेवामूलक संस्था हो । सामुदायिक विद्यालय स्थापनादेखि सञ्चालन प्रक्रियासम्म प्रभावित क्षेत्रका व्यक्तिहरू, संघसंस्था र समुदायबाट सहायोग लिनुपर्ने हुन्छ । विद्यालयबाट पनि प्रत्येक समाजले धेरै आशा गरेको हुन्छ । त्यसैले सरोकारवालाहरूको चासो विद्यालयप्रति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रहेको पाइन्छ । उनीहरूको भावनाको कदर गर्दै विश्वास जितेर विद्यालयप्रति अपनत्वको भावना बढाई थप स्रोत जुटाउन सहयोग गर्ने वातावरणको सिर्जना गर्न विद्यालयको आर्थिक हिसाव किताव पारदर्शी हुनु जरुरी छ । माथि उल्लेखित शीर्षकहरूमा छलफल, अन्तरवार्ता र अभिलेखहरूको अध्ययन गर्दा निम्नलिखित निष्कर्ष पाइयो ।

अध्ययन गरिएको विद्यालयहरूको दुई वर्षको अडिट रिपोर्ट, सामाजिक लेखा परीक्षण र Flash I, Flash II को अध्ययन गर्दा समेत ती विद्यालयहरूमा नियमानुकूल पारदर्शी हिसाव किताव नै पाइयो । छनोटमा परेका ती विद्यालयहरूमा विद्यालयको स्रोत साधनहरूको कमीले गर्दा बालसेवा प्रा.वि. मालवासेमा दुई जना राहत दरबन्दीका शिक्षक बाहेक दुई जना ज्यादै न्यून तलवमा निजी स्रोतबाट तलव भुक्तानी गर्ने गरी शिक्षक राखेको देखिन्छ भने शिक्षण कार्य समेत गर्नुपर्ने शर्त अनुसार एक जना कार्यालय सहयोगी नियुक्त गरिएको सरस्वती प्रा.वि.मा २ वटा राहत दरबन्दी ३ वटा कक्षा सञ्चालन र एक जना निजी शिक्षक राखिएको पाइयो । त्यस्तै सिंहदेवी प्रा.वि.मा ३ वटा कक्षा सञ्चालन गरिए तापनि एउटा राहत दरबन्दी भएकोले अर्को एक जना निजी स्रोतबाट शिक्षक राखिएको र सिद्धेश्वरी प्रा.वि.मा कक्षा ४ सम्म सञ्चालन भएको दुई वटा राहात दरबन्दी भएको एक वटा बा.वि.के. को सहयोगी कार्यकर्ता अनि एक जना निजी स्रोतबाट शिक्षक राखिएको देखिन्छ । प्रत्येक विद्यालयमा उपलव्ध स्रोत र साधनको कमीले गर्दा लेखा व्यवस्था हेर्नका लागि छुट्टै लेखापालको नियुक्ति नगरी प्रत्येक विद्यालयमा प्र.अ. हरूले नै लेखापालको काम पनि गर्दै आएको देखिन्छ भने यो सन्दर्भमा उहाँहरूसँग सोधनी राख्दा विशेष जिम्मा पाए बापत थप भत्ता र शिक्षण कार्यमा सहुलियत उपलव्ध नगराइएको कुरा जानकारीमा आयो । यस्ता

विद्यालयहरूमा लेखा प्रणालीलाई व्यवस्थित गराउनका लागि विद्यालयका प्र.अ.हरूलाई लेखा सम्बन्धी तालिम र गोष्ठीमा सहभागी गराइएको पनि देखिन्छ ।

### ४.१.४ विद्यालयको लेखा प्रणाली र आर्थिक लेखा परीक्षण

विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि प्रत्येक विद्यालयले प्रचलित ऐन नियममानुसार लेखा प्रणालीको कार्यान्वयन गर्नुपर्ने हुन्छ । विद्यालय नाफाको उद्देश्य नराखी विशुद्ध सेवाको भावनाले सञ्चालन गरिने सामाजिक संस्था भएकाले यससँग सम्बन्धित सरोकारवालाहरूले प्रत्यक्ष वा परोक्षरुपले यसका गतिविधिमा चासो राखेका हुन्छन् । यसर्थ सरोकारवालाहरूको विश्वास जितेर उनीहरूमाझ विद्यालयप्रति अपनत्वको भावना बढाई थप स्रोतको सहयोग गर्ने बातावरण निर्माण गर्न पनि विद्यालयले गर्ने हरेका आर्थिक गतिविधि पारदर्शी र सार्वजनिक हुनुपर्ने जरुरी छ । यस सन्दर्भमा उल्लेखित शिक्षकसँग सम्वन्धित रहेर गरिएको छलफल, अन्तरवार्ता र अभिलेख अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण कार्य गरिएको छ ।

अध्ययन गरिएका छनोटमा परेका चार वटै विद्यालयहरूमा लेखा प्रणाली एवम् आर्थिक लेखा परीक्षण प्रचलित शिक्षा नियमावली बमोजिम नै गरिएको पाइयो । विद्यालयको दस्तावेज अध्ययनबाट यी विद्यालयहरूले आम्दानी खर्चको विवरणलाई व्यवस्थित तरिकाले राखेको साथै प्रयोग गरिएका सम्पूर्ण विल भरपाईहरू समेत सुरक्षित तरिकाले राखिएको पाइयो । उक्त विद्यालयहरूले आर्थिक वर्षको अन्त्यमा शिक्षा कार्यालयमार्फत खटाइएका लेखा परीक्षकहरूमार्फत विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा गठित सामाजिक लेखा परीक्षण समितिको रिपोर्टलाई केन्द्रविन्दु बनाई लेखा परीक्षण गर्ने गरेको पाइयो । सो लेखा परीक्षण प्रतिवेदनलाई हरेक विद्यालयले हरेक वर्ष गरिने अभिभावक भेला एवम् विद्यालयको वार्षिक उत्सवमा आम आम्दानी तथा खर्चको विवरणलाई अभिभावकहरूमाझ सार्वजनिक गर्ने गरेको देखिन्छ । प्रत्येक विद्यालयमा लेखा व्यवस्था हेर्नका लागि छुट्टै लेखापालको व्यवस्था नगरी प्र.अ. आफैले हेर्ने गरेको देखिन्छ । यस आर्थिक कारोवारलाई व्यवस्थित र अझ पारदर्शी बनाउन सरकारी तवरबाट नै लेखा कर्मचारी भएमा लेखा प्रणाली अझ चुस्त दुरुस्त हुने देखिन्छ । सरकारले विद्यालयको कर्मचारीका लागि एकमुष्ट केही रकम दिए पनि लेखापाल तथा कार्यालय सहयोगीलाई

तलव दिन अपुग भएकाले लेखापाल राख्न समस्या भएको कुरा विद्यालय व्यवस्थापन समितिबाट प्राप्त भयो ।

### ४.२ आर्थिक स्रोत व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरू

छनोटमा परी अध्ययन गरिएका ४ वटै विद्यालयहरू प्राथमिक तहसम्म मात्र सञ्चालन भएका नवस्थापित विद्यालयहरू हुन् । यी विद्यालयहरूको आन्तरिक स्रोत खासै मजबुद भएको देखिन्न । आर्थिक क्रियाकलापमा भने पारदर्शिता कायम गर्न निकै प्रयास गरेका छन् । सबै विद्यालयहरूमा विद्यालय स्थापना गर्ने सम्बन्धमा स्थानीय शिक्षा प्रेमी एवम् समाजसेवीहरूको सक्रिय सहभागिता रहेको पाइयो भने विद्यालयको स्वामित्वमा रहनेगरी केही जग्गा स्थानीय समुदायले खरिद गर्ने योजना राखेको पनि पाइयो । यसरी खरिद गरेका जग्गाहरूले आर्थिक स्रोत व्यवस्थापनमा प्रभाव समेत पार्दछ ।

विद्यालयका आर्थिक कारोवार वैंक मार्फत हुने व्यवस्था मिलाइएको छ । आर्थिक गतिविधि एवम् अन्य विषयमा अभिभावक भेला गराई जानकारी दिने गरेको, हरेक सामान खरिद गर्दा विल राख्ने, काम गराई नगद भुत्तानी दिँदा भरपाई अनिवार्य रुपमा लिने/दिने गरेको, आन्तरिक स्रोतबाट जति सुकै रकम उपलब्ध भए पनि सो रकम वैंकमा जम्मा गर्ने गरिएको, विद्यालयको आर्थिक क्रियाकलापलाई पारदर्शी राख्नका लागि सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गरी त्यसको जानकारी अभिभावकहरूलाई दिने गरेको देखिन्छ । शिक्षकहरूले कुनै समय विद्यालयका लागि खरिद गरेको सामग्रीहरूको विल प्र.अ. बाट स्वीकृत गराउने गरेको निश्चित रकम भन्दा मथि खर्च गर्दा वि.व्य.स. को निर्णयबाट मात्र गर्ने गरेको देखिन्छ । यी हरेक विद्यालयहरूमा वि.व्य.स.को निर्णयले आर्थिक स्रोत व्यवस्थापनमा महत्त्वपूर्ण प्रभाव पार्दछ ।

नमुना छनोटमा परेका सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आम्दानीको मूल स्रोत सरकारी अनुदान रहेको देखिन्छ तर ती विद्यालयहरू स्थापना गर्दा अभिभावकहरूले जुन उद्देश्य लिएका थिए ती उद्देश्यहरूलाई पूर्णरूपमा साकार पार्नका लागि प्रत्येक विद्यालयहरूमा आर्थिक पक्षको जटिल समस्या रहेको पाइन्छ । यसका निम्ति अभिभावकहरूले विद्यालया निजी स्रोतबाट तलब भुक्तानी गर्नका लागि केही रकम जम्मा गर्ने, निजी स्रोतबाट शिक्षकको व्यवस्था गर्ने, अनि कक्षा थप गरी सञ्चालन गर्ने गरिएको समेत देखिन्छ । यी सम्पूर्ण आर्थिक क्रियाकलापहरूलाई लेखापालको अभावमा प्रधानाध्यापक

स्वयम्ले अभिभावकहरूको दृष्टिमा निष्कलङ्क रहन आर्थिक पक्षलाई पारदर्शी रूपमा नै परिचालन गरिएको देखिन्छ ।

सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको वित्तीय व्यवस्थापनलाई हेर्दा आम्दानीका स्रोतहरू र खर्चका शीर्षकहरूलाई अलग अलग तालिकामा राखी तुलनात्मक अध्ययन गरिएको छ । जस अनुसार आम्दानीका स्रोतहरूतर्फ हेर्दा सरकारी अनुदान शिक्षक तलब भत्तामा ५७.४७ प्रतिशत निकासा भएको छ । खर्च तर्फ हेर्दा शिक्षक तलव भत्तामा ६१.५५ प्रतिशत खर्च भएको देखिन्छ । जुन ३.९८ प्रतिशतले बढी छ । यसो हुनुका कारण विद्यालयमा विद्यार्थी संख्याको तुलनामा दरबन्दी कम रहेकाले निजी स्रोतबाट समेत शिक्षक राखिएको देखिन्छ । विद्यालय कर्मचारीको हकमा न्यून निकासा भएकोले त्यसमा समेत रकम थप्नुपर्ने देखिन्छ । पाठ्यपुस्तक वापतको सरकारी आय १.६७ प्रतिशत भएको पाइयो भने व्यय तर्फ १.३२ प्रतिशत भएको पाइयो । यो हुनुको कारण सामुदायिक विद्यालयले बढी विद्यार्थी सङ्ख्या देखाएर निकासा गरेको हो कि भन्ने आशङ्का हुन्छ । राज्यले कक्षा १ देखि १० सम्म निशुल्क गरेकाले विद्यार्थीको मासिक शुल्कको रुपमा रकम लिएको पाइँदैन । परीक्षा शुल्क, प्रमाणपत्र शुल्क, सिफरिस शुल्क आदिबाट कुनै रकम लिएको देखिँदैन । प्रशासनिक व्यवस्थापन अनुदान जम्मा आम्दानीको ३.६८ प्रतिशत मात्र रहेको छ । वास्तवमै यो अनुदान विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा न्यून रहेको छ । जसको कारणले आर्थिक स्रोत व्यवस्थापनमा समेत उल्लेखनीय प्रभाव पर्न गएको देखिन्छ ।

आम्दानी तर्फ चन्दा तथा अन्य सहयोगमा १.५ प्रतिशत मात्र देखिन्छ । अध्ययन छनोटमा परेका सवै विद्यालयहरूको आम्दानीको मात्रा समान छैन । यति मात्र हैन स्थानीय स्रोत बाट प्राप्त आम्दानी पनि अभिभावकहरूमा चेतनाको कमी अदिले विद्यालयलाई सहयोग गर्ने कार्य सीमित अभिभावकहरूमा रहेको पाइन्छ । निर्माण निकासा लाई हेर्दा कुल आम्दानीको १०.८३ प्रतिशत रहेको छ । निर्माण तथा मर्मत खर्चलाई हेर्दा यो कुल खर्चको १०.८० प्रतिशत रहेको छ । जुन आम्दानीको तुलनामा ०.०३ प्रतिशतले कमी देखिन्छ । यसलाई हेर्दा विद्यार्थी संख्याको तुलनामा भौतिक सामग्री अभाव भएको हुन आउँछ । यसलाई पुरा गर्न निम्ति अन्य स्रोतबाट पनि खर्च गर्नुपर्ने देखिन्छ । शैक्षिक सामग्री, स्टशनरी आदिमा कुल खर्चको ०.९७ प्रतिशत मात्र खर्च भएको छ । यसमा पनि शैक्षिक

सामग्री तर्फ गरिएको खर्च ज्यादै न्यून हो । यसले शिक्षण शिकाई अनि सिकाई उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले शैक्षिक सामग्री निर्माण तथा खरिदमा खर्च बढाउनुपर्ने देखिन्छ । आम्दानी तर्फ हेर्दा कुल आम्दानीको ३ प्रतिशत छात्रवृत्ति वापत निकासा भएको देखिन्छ । तर वितरण तर्फ भने २.०१ प्रतिशत मात्र भएको देखिन्छ । जुन ०.९ प्रतिशतले कमी हुन आउँछ । SIP तथा एकमुष्ट अनुदान सम्बन्धमा यी विद्यालयहरूमा ज्यादै कम मात्रमा मात्र निकासा भएको देखिन्छ । विद्यार्थी संख्याको आधारमा दिइने रकम पनि यी विद्यालयहरूमा ज्यादै कम निकासा भएका कारण विद्यालयमा देखिएका असीमित आवश्यकताहरू पूरा गर्नका लागि यो रकम कमी भएको देखिन्छ । यसर्थ यी विद्यालयहरूलाई उपलब्ध गराइएको सरकारी एकमुष्ट अनुदानले समेत आर्थिक स्रोत व्यवस्थापनलाई प्रभाव पारिरहेको छ ।

व्याज तथा लगानी साथै जग्गाबाट हुने आम्दानी यी विद्यालयहरूमा रहेको देखिँदैन यो आम्दानी अध्ययन गरिएका ४ वटै विद्यालयहरूमा नरहेको विद्यालयहरू बालसेवा प्रा.वि., सरस्वती प्रा.वि, सिंहदेवी प्रा.वि. र सिद्धेश्वरी प्रा.वि. संग उसको भवन रहेको जग्गा र साघुँरो खेल मैदान बाहेका अरु जग्गा देखिँदैन । समग्रमा आम्दानी र खर्चलाई तुलना गरी हेर्दा यी विद्यालयहरूको वित्तीय व्यवस्थापन निकै असहज देखिन्छ । विद्यालयका आवश्यकताहरू असीमित छन् । प्रविधिको विकास संगसंगै आवश्यकताहरू बढिरहेका छन् । त्यसलाई पूरा गर्नका निम्ति खर्च बढाउनै पर्ने हुन्छ । त्यस खर्चलाई सन्तुलनमा राख्न आम्दानीका स्रोतहरू पनि बढाउनु पर्ने देखिन्छ ।

यसरी हेर्दा सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापनलाई धेरै प्रकारका तत्त्वहरूले प्रभाव पारिरहेको पाइन्छ । यी सञ्चालन अनुमति प्राप्त प्राथमिक विद्यालयहरूलाई आर्थिक स्रोत व्यवस्थापनमा विशेषतः विद्यालयको स्वामित्वमा रहेको जग्गा, सामाजिक तथा लेखा परीक्षण, निजी शिक्षकहरूको व्यवस्था, जिल्ला शिक्षा कार्यालयले अनुदानका रूपमा प्रदान गर्ने पि.सि.एफ. रकम, स्थानीय निकाय तथा संघ संस्था, अभिभावकहरूको सहयोगको मात्रा आदिले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको देखिन्छ ।

## ४.३ सञ्चालन अनुमति प्राप्त प्राथमिक विद्यालयको वित्तीय व्यवस्थापनमा देखा परेका समस्याहरू

कुनै पनि संघ संस्थाले आर्थिक स्रोतको सङ्कलन एवं त्यसको प्रभावकारी परिचालन गर्न सकेन भने अपेक्षित उपलब्धि हासिल गर्न सक्तैन। त्यसकारण कुनै पनि संघ, संस्थाको पर्याप्त आर्थिक स्रोत र साधनको उपयुक्त समुचित प्रयोग व्यवस्थापन हुनु नितान्त आवश्यक कुरा हो। यस सन्दर्भमा स्रोतको उचित सङ्कलन कसरी गर्ने र संकलित स्रोतको उचित तवरले कसरी व्यवस्थापन गर्ने भन्ने कुरा महत्वपूर्ण हुन आउँछ।

सामुदायिक विद्यालयहरूको आर्थिक स्रोतको पहिलो बाटो भनेको सरकारी अनुदान हो भने दोश्रो समुदाय र अन्य संघ, संस्थाहरू हुन्। यो कुरा माथिको तथ्याङ्कहरूले पनि देखाइ सकेको छ। तैपनि त्यस्ता सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूमा स्रोत व्यवस्थापनमा के कस्ता समस्याहरू देखा परेका छन् ? ती समस्याको कारण के हुन सक्छ ? र त्यसलाई कसरी समाधान गर्न सकिन्छ  भन्ने जस्ता विषयहरूमा विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारीसंग अन्तरवार्ता, विद्यालय सर्वेक्षण फाराम र छलफलबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको स्रोत व्यवस्थापनमा देखा परेका समस्या र तिनको कारणलाई निम्नानुसार विश्लेषण गरिएको छ।

### ४.३.१ अभिभावकहरूको कमजोर आर्थिक अवस्था

नेपालमा ३१ प्रतिशत जनता गरिबीको रेखामुनी रहेका छन्। त्यस मध्ये कुल गरिबको संख्या मध्ये ८० प्रतिशत ग्रामिण र २० प्रतिशत शहरी क्षेत्रमा वस्ने गर्दछन् (के.त.वि., २०६८)। नेपालमा निजी विद्यालयको स्थापना भएका क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने आधा भन्दा बढी बालबालिकाको आर्थिक अवस्था कमजोर रहेको पाइन्छ। प्रस्तुत सन्दर्भ अनुसार छनोट गरिएका विद्यालयमा आर्थिक अवस्था कमजोर भएका पारिवारिक पृष्ठभूमिका विद्यार्थीहरूको बाहुल्यता रहेकाले अभिभावकहरूबाट आर्थिक सहयोग जुटाउन नसकिने कुरा सम्बन्धित क्षेत्रका अभिभावकहरूसंगको अन्तरवार्ता र छलफलबाट प्राप्त भयो। अध्ययनको क्रममा छनोट गरिएका ४ वटै विद्यालयहरूमा कृषि, वैदेशिक रोजगार र दैनिक ज्यालादारी गर्ने अभिभावकका छोराछोरीहरू पढ्ने गरेको पाइयो। जातिगत हिसावमा भन्दा ४ वटै विद्यालयहरू मध्ये सिंहदेवी प्रा.वि.मा जनजातिहरूको बाहुल्यता रहेको देखियो भने क्षेत्री, बाह्मण र दलित जातिका विद्यार्थीहरूको संख्या न्यून

रहेको देखिन्छ । जनजातिको हिसाव हेर्दा राई जातिको आधिक्यता देखिन्छ भने दलित जातिको आधिक्यता चाहिँ बढी मात्रामा बालसेवा प्रा.वि.मा रहेको देखियो ।

यसै सिलसिलामा बालसेवा प्रा.वि.का प्र.अ. श्री वीरवहादुर वस्नेत अगाडि भन्नुहुन्छ "अन्य विद्यालयको तुलनामा यस विद्यालयमा दलित वर्गका विद्यार्थीहरू अध्ययन गर्ने भएकाले बेला बेलामा विद्यालयमा सञ्चालन गरिने चन्दा सङ्कलन जस्ता आर्थिक अभियानमा सहयोगको हात राम्ररी अगाडि बढ्न सक्दैन फेरी सबै अभिभावकहरूको आर्थिक अवस्था र विद्यालयप्रतिको धारणा एकै प्रकारको नहुने भएको हुँदा यसो पनि भएको हो । तैपनि थोर बहुत सङ्कलन हुने गरेको छ ।"

यसै सन्दर्भमा अर्को विद्यालय सिद्धेश्वरी प्रा.वि.का प्र.अ. श्री सम्झना राई भन्नुहुन्छ "केही वर्ष पहिले विद्यालयले जग्गा खरिद र भवन निर्माणको लागि अभिभावकसँग केही आर्थिक सहयोग दिन अनिवार्य गर्न खोजेको थियो तर सो आर्थिक सहयोग गर्न नसक्ने अवस्था जनाएर केही अभिभावकहरूले आफ्ना छोराछोरीहरूलाई यस विद्यालयमा नपढाई अन्यत्र लाने घुर्की पनि लगाए केही अभिभावकहरूले लगे पनि ।" यहाँ अधिकांश बालबालिकाहरूका अभिभावकहरू सुन्तला खेती, बाख्रा पालन र वैदेशिक रोजगारमा लागेका छन् । उहाँ अगाडि थप्नु हुन्छ समाजका अलि सचेत वर्गका छोराछोरीहरू अंग्रेजी माध्यमका मोहले निजी विद्यालय तर्फ आकर्षण बढ्दै गएको हुँदा पहिलेको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्ने क्रम बढ्दो भएकाले यसलाई मध्य नजर गरी प्रा.वि. तहमा कक्षा १ देखि कक्षा ३ सम्म अंग्रेजी माध्यमबाट शिक्षण सुरु गरी क्रमशः त्यसलाई कक्षागत रुपमा बढाउदै लैजाने सोच रहेको छ ।

### ४.३.२ उपलब्ध स्रोतको अधिकांश रकम तलव भत्तामा खर्च

शैक्षिक गुणस्तर विकास एवम् पहुँच बढाउन पुँजीगत खर्चमा ठूलो रकम लगानी गर्नुपर्ने हुन्छ । तव मात्र ग्रामिण क्षेत्रका गरिब बालबालिकहरूले शिक्षाको अवसर प्राप्त गर्दछन् । तर यसको विपरित नेपालको अधिकांश सामुदायिक विद्यालयको चालु खर्चले उपलब्ध स्रोतको ठुलो हिस्सा ओगटेको पाइन्छ (लम्साल, २०६६) । छनोटमा परेका ४ वटै विद्यालयहरूमा सरकारी दरबन्दी कम भएका कारण केही निजी स्रोतमा विद्यालयले शिक्षक राखेको पाइयो । बालसेवा प्रा.वि.मा दुई वटा राहात दरबन्दी, दुई जना निजी स्रोतका शिक्षक, १ जना कार्यालय सहयोगी तर शिक्षण गर्नुपर्ने गरी नियुक्ति दिइएको

पाइयो । सरस्वती प्रा.वि.मा २ राहात दरबन्दीका शिक्षक, एक निजी शिक्षक त्यस्तै सिंहदेवी प्रा.वि.मा एक राहत दरबन्दीका शिक्षक र एक निजी शिक्षक साथै सिद्धेश्वरी प्रा.वि.मा दुई दरबन्दीका शिक्षक अनि एक वालविकास केन्द्रका शिक्षक रहेको देखिन्छ । सरकारी अनुदान प्राप्त रकमको ठूलो हिस्सा यिनै शिक्षकहरूको तलव भत्तामा खर्च भएको देखिन्छ ।

### ४.३.३ स्थानीय निकाय संघ संस्थाको न्यून सहयोग

छनोटमा परेका विद्यालयहरूको आम्दानीको स्रोतको विवरणलाई हेर्दा ४ वटै विद्यालयहरूमा स्थानीय निकाय एवम् अन्य संघ संस्थाले गरेको सहयोगलाई सन्तोष मान्नुपर्ने ठाउँ  देखिन्छ । यस मामिलामा बैदेशिक रोजगार, स्थानीय भेलाबाट चन्दा स्वरुप रकम सङ्कलन गरी बालसेवा प्रा.वि.लाई सञ्चालन गरिएको देखियो भने अन्य विद्यालयहरूलाई त्यति सन्तोषजनक रुपमा स्थानीय निकाय संघ संस्थाहरूबाट सहयोग गरिएको देखिँदैन ।

### ४.३.४ समुदायमा अभिमुखीकरण कार्यक्रमको अभाव

अभिभावकहरूको अन्तरवार्ता र छलफलबाट उनीहरूमा विद्यालयको व्यवस्थापन, समुदायप्रति शिक्षक तथा अभिभावप्रतिको चासो कम देखिएको पाइन्छ । आफ्नो गाउँघरमा विद्यालय स्थापना गरी सञ्चालन गर्दा आफ्ना छोराछोरीहरूले शैक्षिक अवसर प्राप्त गर्न सक्ने भएकाले स्थापना गरिएको तर स्थापना पश्चात् पर्याप्त मात्रामा सरकारी अनुदान सहयोग प्राप्त हुन नसकेको कारणले नियमित र लक्षित रूपमा सञ्चालन गर्न नसकिएको भन्ने भावना बढ्न गएकाले ती अभिभावकहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नु देखिन्छ ।

### ४.३.५ व्यवस्थापकीय सीपको अभाव

छनोटमा परेका विद्यालयका वि.व्य.स. र शि.अ.संघका पदाधिकारीहरूसंग विद्यालयको स्रोत व्यवस्थापनमा रहेका समस्याहरू सम्वन्धमा गरिएको छलफल र अन्तरवार्ताबाट व्यवस्थापकीय सीप सन्तोषजनक रहेको पाइन्न । अध्ययन गरिएका ४ वटै विद्यालयहरूमा प्राथमिक तह मात्र सञ्चालन भएको हुँदा शिक्षकहरू योग्य र दक्ष छनोट भई नसकेका सबै शिक्षकहरू राहत दरबन्दीमा कार्यरत अस्थायी (प्र.अ. समेत)  भएका कारणले त्यस्ता शिक्षकहरूलाई राय सुझाव दिन त्यस अनुसारको व्यवस्थापन समिति र शिक्षक अभिभावक

संघ तथा सल्लाहकारहरूको नियुक्ति गर्नुपर्ने तर विद्यालय व्यवस्थापन समितिमा रहनका लागि विद्यार्थीहरूको अभिभावक हुनै पर्ने भएकाले समाजसेवी, चन्दादाता, उच्च योग्यता भएका व्यक्ति, विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा आउन नसक्ने भएकाले योजना निर्माणमा प्र.अ. को भूमिका बढी रहेको सम्वन्धित प्र.अ. हरू बताउनुहुन्छ । तसर्थ उहाँहरूको विद्यालयको वित्तीय योजना निर्माणदेखि त्यसको कार्यान्वयन तहसम्म प्रत्यक्ष असर पर्ने हुँदा उनीहरूलाई समय समयमा व्यवस्थापन सम्बन्धी तालिमको आवश्यकता भएको देखिन्छ ।

### ४.३.६ राजनैतिक अन्योलता

विद्यालयमा अनावश्यक राजनैतिक खिचातानीका कारण स्रोत सङ्कलन र परिचालनमा समस्या परेका कुरा अन्तरवार्ता र छलफलबाट प्रष्ट भएको छ । विशेषत वि.व्य.स.को गठन प्रक्रियादेखि नै विभिन्न राजनैतिक पार्टिको प्रभाव पर्ने गरेको देखियो जसले गर्दा छानिएका प्रतिनिधिहरूले सबै समुदायको विश्वास जित्न त्यति सकेको देखिँदैन । त्यसैले जुनसुकै विद्यालयको वि.व्य.स. तथा शि.अ. संघको छनोटमा पारदर्शिता र राजनैतिक हस्तक्षेपबाट टाढा रहनुपर्ने हुन्छ । तर हाल देशको राजनैतिक परिस्थितिले गर्दा यो भनाईमा मात्र सीमित रहन पुगेको छ । यसको प्रत्यक्ष मार भोलीका कर्णधार बालबालिकाहरूमा पर्न गएको छ । विद्यालयको स्रोत व्यवस्थापनमा राजनैतिक वाद हावि हुँदा उनीहरू बीचैमा सहकार्य र कार्यगत एकतामा आँच ल्याउने कुरामा दुई मत छैन । जसले विद्यालयले बाह्य संघ संस्थाबाट प्राप्त गर्ने अपेक्षित सहयोग गुम्न सक्ने देखिन्छ ।

## ४.४ आर्थिक व्यवस्थापन सम्बन्धी समस्या समाधानका उपायहरू

अध्ययनको क्रममा विद्यालयको आर्थिक व्यवस्थापनमा देखा परेका समस्यालाई कसरी समाधान गर्न सकिन्छ ? भन्ने सन्दर्भमा विद्यालयमा प्र.अ., वि.व्य.स., अभिभावक, शिक्षक एवम् शिक्षक अभिभावक संघका पदाधिकारीहरूसंग गरिएका अन्तरवार्ता र छलफलबाट प्राप्त धारणालाई निम्नानुसार रुपमा प्रस्तुत गरिएको छ ।

विद्यालयको आर्थिक स्रोत व्यवस्थापनमा देखा परेको समस्याको मुख्य कारण सवल आर्थिक हैसियत भएका अभिभावकको बाहुल्यता कम हुनु हो । यसकारण अभिभावकहरूमा आयवृद्धि कार्यक्रम चलाई अभिभावकको आर्थिक स्थितिमा सुधार ल्याउने प्रयास सम्वन्धित

निकायबाट गर्नुपर्ने देखिन्छ । विद्यालय सञ्चालनका लागि सरकारी अनुदानलाई अझ प्रभावकारी बनाउदै स्थानीय निकाय, गा.वि.स., जि.वि.स. ले आफ्नो आम्दानीको निश्चित प्रतिशत रकम शिक्षामा खर्च गर्ने नीति बनाउनुका साथै विभिन्न सहयोगी संस्थाहरूको पहिचान गरी तिनीहरूसँग समन्वय एवम् सहकार्य गरेमा विद्यालयका लागि थप वित्तीय स्रोत जुटाउन सकिने देखिन्छ ।

विद्यालयका हरेका क्रियाकलापको बारेमा जानकारी पाउनु सरोकारवालाको अधिकार र जानकारी दिनु विद्यालयको दायित्व हो । त्यसैले विद्यालयमा भएगरेका सबै कुराहरूको जानकारी दिन समय समयमा अभिभावक भेला बार्षिक रुपमा विद्यालयको बार्षिक उत्सव र अन्य सरोकारवाला निकायहरूवीचमा अन्तरक्रिया गर्ने गर्नुपर्दछ । जसले विद्यालय र समुदायवीच सम्वन्ध विस्तार भई वित्तीय स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन थप मद्दत गर्दछ । यसैगरी विद्यालय सञ्चालन गर्ने दायित्व सरकारको मात्र नभई स्थानीय समाज एवम् स्थानीय निकायको पनि हो भन्ने कुराको बोध गराउन जनचेतना जगाउनु पर्दछ । यसले गर्दा विद्यालयको उचित सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने जिम्मेवारी केवल सरकारको मात्र नभई स्थानीय समाजको पनि हो भन्ने कुरा अवगत हुन जान्छ । जसले स्रोत सङ्कलन र परिचालन व्यवस्थित हुने देखिन्छ ।

विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको सन्दर्भमा प्र.अ., वि.व्य.स. र शि.अ. संघको समन्वय सीप, कार्यक्षमता एवम् व्यवस्थापन सीपमा प्रश्न चिन्ह लागेको हुँदा उनीहरूलाई अनिवार्य रुपमा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी त्यसको कार्यान्वयन पक्षको सम्वन्धित निकायबाट निरन्तर अनुगमन हुनु जरुरी देखिन्छ । स्रोत वृद्धिका लागि स्थानीय निकायसंग समन्वय गरी ऐन कानुनमा नै शिक्षा कर उठाउने व्यवस्था गर्नु राम्रो हुने देखिन्छ । यसैगरी समुदायिक विद्यालयप्रतिको उत्तरदायित्व बोध गराउनु भन्दा अगाडि अधिकार, दायित्व, र जवाफदेहिता सम्वन्धमा स्पष्ट जानकारी गराउनुपर्ने देखिन्छ । विद्यालयको वित्तीय स्रोत सङ्कलनका लागि चाडपर्वको अवसरमा सांस्कृतिक एवम् सृजनशील कार्यक्रम आयोजना गर्नुपर्दछ । यसरी समय समयमा गरिने सांकृतिक लगायत अन्य कार्यक्रमले एकातर्फ विद्यालयलाई आर्थिक राहत हुन्छ भने अर्कोतर्फ संकृतिको संरक्षण हुनुका साथै विद्यालय र समुदायवीच सम्वन्ध विस्तार गर्न मद्दत पुग्छ । समुदायमा उल्लेखनीय कार्य गरी प्रतिष्ठा कमाएका व्यक्तिहरूलाई विद्यालय व्यवस्थापन नेतृत्वमा

ल्याउनका लागि ऐन, नियममा नै स्पष्ट छनोटको आधार तय गर्नुपर्दछ । जसले गर्दा नेतृत्व पंक्तिले सबैको विश्वास जित्ने हुँदा स्रोत व्यवस्थापन गर्न सहज हुनेछ । विद्यालयको विकासका लागि हरतरहले  सहयोग पुऱ्याउने व्यक्तिहरूलाई विशेष कार्यक्रम गरी सम्मान गर्ने गर्नुपर्दछ । यसबाट उनीहरूमा थप सहयोग गर्ने उत्साह जाग्ने हुँदा विद्यालयले थप सहयोग पाउने देखिन्छ ।

स्रोतकेन्द्रका स्रोतव्यक्ति अनुसार विद्यालयहरूले जि.शि.का. बाट प्राप्त अनुदान जुन शीर्षकमा छ त्यही शीर्षकमा खर्च गर्ने परिपाटी केही कमी कमजोरी रहेको बताउनु भयो । ८० प्रतिशत भन्दा बढी विद्यालयहरूले शीर्षक अनुसार नै खर्च गर्दछन् भने बाँकीले एउटा शीर्षकको आम्दानी अर्कै शीर्षकमा गर्ने गरेको पाइयो । जि.शि.का.को निर्देशन अनुसार सबै विद्यालयहरूले वार्षिक रूपमा विद्यालयको लेखा परीक्षण गराउने गरेको पाइयो । लेखा व्यवस्थापन सबै विद्यालयमा चित्तबुझ्दो ढङ्गबाट सञ्चालन भएको छैन भनी जवाफ पाइयो भने वित्त व्यवस्थापनका लागि सरकारी तवरबाट तालिम दिने, अनुगमन कार्य गर्नुपर्ने भनी सरकारी भूमिका बताउनु भयो ।

माथि प्रस्तुत गरिएका विभिन्न शीर्षक तथा उपशीर्षकमा गरिएको विश्लेषणबाट निम्न कुराहरू प्राप्त भएको छ -

विद्यालयको प्रमुख स्रोत सरकारी अनुदान रहेको छ । यसमा मात्र भर नपरी स्थानीय संघ संस्था, गा.वि.स., चन्दादाताहरू, स्थानीय उद्योगपतिहरू, वुद्धिजीवीहरूलाई पनि विद्यालयलाई सहयोग गर्न प्रोत्साहित गरी विद्यालयहरूको आम्दानीका स्रोतहरू बढाउनु पर्दछ । गा.वि.स.मार्फत् उठ्ने विभिन्न करहरूको केही हिस्सा प्राथमिक विद्यालय सुधारका लागि खर्च गरिनु पर्दछ । प्राथमिक विद्यालयहरूमा हाल भइरहेको खर्च शिक्षक तलब भत्तामा बढी छ । विद्यार्थीहरूको चौतर्फी विकासका लागि खेलकुद, पुस्तकालय, शैक्षिक सामग्री, शैक्षिक भ्रमण आदि शीर्षकमा उल्लेखनीय खर्च गर्न रकमको व्यवस्था मिलाउनु पर्दछ । हाल प्राथमिक विद्यालयहरूमा भएको लेखा व्यवस्थापन शिक्षा ऐन तथा नियमावलीमा तोके बमोजिम ढाँचामा पूर्णरूपमा नभएको पाइएकाले शिक्षासँग सम्बन्धित निकाय, जि.शि.का., स्रोतकेन्द्र, स्रोतव्यक्ति, वि.नि.हरूले यसको कार्यान्वयनका लागि पहल गर्नुपर्दछ ।

विद्यालयहरूमा हुने लेखा व्यवस्थापनका लागि बेलाबेलामा सरकारी निकायबाट तालिमको व्यवस्था गर्नु पर्दछ । विद्यालयहरूमा प्र.अ.को कार्यव्यस्तताका कारण आर्थिक

व्यवस्थापनमा कठिनाई हुने भएकाले यसका लागि छुट्टै लेखा कर्मचारी राख्नु पर्दछ। विद्यालयको आयव्ययमा आर्थिक पारदर्शीता ल्याउनु पर्दछ। हरेक विद्यालयहरूमा शैक्षिक सत्रको सुरुमा बजेट निर्माण गर्न लगाउने, अभिभावकहरू बीच छलफल गराउने र वि.व्य.स.द्वारा स्वीकृत गराई त्यही बमोजिम खर्च गर्ने व्यवस्थापन मिलाउनु पर्दछ। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई उनीहरूको काम, कर्तव्य र अधिकार बारे बेला बेलामा गोष्ठी सेमिनारको आयोजना गरी जानकारी गराउनु पर्दछ। विद्यालयका सम्पत्तिहरूको दुरुपयोग गर्ने शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.अध्यक्ष तथा सदस्यहरू लगायत जोसुकैलाई कडा कारवाहीको व्यवस्था मिलाउनु पर्दछ।

अध्ययन गरिएका खोटाङ जिल्लाको चिसापानी स्रोतकेन्द्रका ४ वटा प्राथमिक विद्यालयहरूको वर्तमान आर्थिक स्रोतहरू, खर्चका शीर्षकहरू, विद्यालयको आय-व्यय को विवरण र लेखा व्यवस्थापनको स्थितिलाई अध्ययन गर्दा सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको मुख्य आर्थिक स्रोत सरकारी अनुदान नै रहेको पाइयो र सरकारी अनुदान बाहेक दुईटा प्राथमिक विद्यालयको थोरै मात्रै बैंक मौज्दात आम्दानीका रूपमा रहेको पाइयो। यस्तै विद्यालयले खर्चका कुरामा शीर्षकको आधारमा नै खर्च गरेको पाइयो। यसरी खर्च गर्दा खास गरी शिक्षक, कर्मचारीको तलव भत्तामा बढी खर्च गरेको पाइयो भने शैक्षिक गुणस्तर वृद्धिमा न्यून रुपमा खर्च गरेको देखियो।

## ४.५ प्राप्ति

सञ्चालन अनुमति प्राप्त समुदायका प्राथमिक विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको अवस्था सुधारोन्मुख रहेको पाइयो तर अझैसम्म पनि सामुदायिक प्राथमिक विद्यालयको प्रमुख आम्दानीको स्रोतको रुपमा सरकारी अनुदान नै देखियो। विद्यालयले कुल आम्दानीको ९८.५ प्रतिशत रकम सरकारी अनुदानबाट प्राप्त गरेको पाइयो। यसैगरी सामुदायिक स्रोतबाट १.५ प्रतिशत रकम प्राप्त गरेको पाइयो। सामुदायिक विद्यालयका आन्तरिक स्रोतको कमीले गर्दा विद्यालयहरूलाई सरकारी अनुदानमा भर पर्नु परेको पाइयो। यसबाट विद्यालयहरूलाई आवश्यक आर्थिक स्रोतको अभाव भई आर्थिक स्रोत व्यवस्थापनमा समस्या परेको देखियो। विद्यालयले प्राप्त गर्ने अधिकाशं रकम शिक्षक तलव भत्ता र अन्य प्रशासनिक कार्यमा खर्च गरेको पाइयो। शीर्षकगत रुपमा हेर्दा शिक्षक तलब भत्तामा ६१.४५ प्रतिशत, शैक्षिक सामग्रीमा ०.९७ प्रतिशत निर्माण तथा शिक्षक तलब भत्ता र अन्य प्रशासनिक कार्यमा खर्च गर्नु परेको कारण शैक्षिक गुणस्तर निर्माणका लागि रकम

अभाव रहेको पाइयो । विद्यालयले विद्यार्थीहरूबाट शुल्क असुल गर्न नपाउने भएकोले दिगो स्थानीय आर्थिक स्रोतको अभाव भएको पाइयो ।

अध्ययन गरिएका विद्यालयहरूले विद्यालयको समग्र विकासका लागि विद्यालय सुधार योजना निर्माण गरेको देखियो । उक्त योजनामा आर्थिक योजनालाई पनि प्राथमिकतामा राखेको पाइयो । विद्यालयले निर्माण गर्ने योजना कार्यक्रम, बजेट र कार्यान्वयन बीच राम्रै सन्तुलन मिलेको पाइयो । विद्यालयमा अन्तिम लेखापरीक्षण एवम् सामाजिक लेखा परीक्षण सम्बन्धमा सकारात्मक प्रयासको थालनी भएको देखिन्छ । यद्यपी स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन सामुहिक निर्माण प्रक्रिया एवम् सरोकारवाला वीचको समन्वयलाई प्राथमिकतामा राख्न पाइयो ।

विद्यालयको स्थानीय स्तरमा सहयोग प्राप्त गर्ने मुख्य माध्यम स्थानीय समुदाय र अभिभावक नै हुन् । तर सेवा क्षेत्रका समुदायका अभिभावकको बढी हैसियत भएकाहरूको विद्यालयप्रति जति चासो हुनुपर्ने हो सो चासो नराखिएकाले विद्यालयको आर्थिक स्रोत सङ्कलनमा यसको प्रत्यक्ष असर परेको पाइयो । एकातर्फ स्थानीय समुदायबाट आर्थिक सहयोग प्राप्त गर्ने ठूलो आधार नरहेको यथार्थता देखियो भने अर्कोतर्फ स्थानीय निकाय तथा गा.वि.स, जि.वि.स. र अन्य संघ संस्थाबाट अनिवार्य रुपमा शैक्षिक क्षेत्रमा रकम खर्च गर्नुपर्ने कानुनी बाध्यता रहेको पाइएन । शिक्षकहरूको तलव भत्ता र प्रशासनिक खर्चमा बढी रकम खर्च गर्नुपर्ने स्थितीका कारण शैक्षिक गुणस्तरका लागि आवश्यक रकम खर्च गर्न नसक्दा अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुन नसक्ने अवस्था पाइयो । विद्यालयको व्यवस्थापनमा कुन व्यक्ति र निकायको के कस्तो जिम्मेवारी र दायित्व हुने भन्ने सन्दर्भमा अन्योलता कायमै रहेको पाइयो । विद्यालयको विकासका लागि जिम्मेवार व्यवस्थापकहरूलाई योजना निर्माण, स्रोत सङ्कलन र परिचालनका सम्वन्धमा अनिवार्य रुपमा तालिम प्रदान गरेको खण्डमा विद्यालयको आर्थिक र शैक्षिक व्यवस्थापन पक्ष अझ बढी चुस्त हुने देखियो । विद्यालय व्यवस्थापनका लागि प्राविधिक सहयोग प्रदान गर्ने जिम्मेवार निकाय र व्यक्तिहरू आफ्नो दायित्वमा अझ वढि सचेत हुनुपर्ने देखिन्छ । विद्यालयको आर्थिक व्यवस्थापनलाई चुस्त बनाउने मुख्य भूमिका स्थानीय सरोकारवालाहरूको भए तापनि यस कार्यमा राजनैतिक दलले आवश्यक र उपयुक्त सहयोग पूर्ण रुपमा गरेको पाइएन ।

अध्ययन गरिएका विद्यालयमा व्यवस्थापन समितिले आफ्नो दायित्व बोध गरेपछि वित्तीय स्रोत व्यवस्थापनमा सहभागिता बढेको पाइयो । विद्यालय प्रति स्थानीय समुदायको अपनत्वको भावना विगत भन्दा सुधार भएको देखियो । यही कारण विद्यालयको हरेका क्रियाकलापमा उनीहरूको चासो रहेको पाइयो । योजना निर्माण, बार्षिक बजेट, अन्तिम लेखा परीक्षणका साथै सामाजिक लेखा परीक्षणको कार्यलाई विद्यालयहरूले यथोचित रुपमा अवलम्वन गरेको देखियो । यसबाट आर्थिक पारदर्शिता कायम भएको देखिन्छ । यस सम्वन्धमा अभिभावकहरू प्रायः सकारात्मक नै रहेको पाइयो । यसै गरी अभिभावकमा आय वृद्धि कार्यक्रम सञ्चालन विद्यालय र स्थानीय संघ संस्थाहरूबीच शैक्षिक उन्नतिका लागि हातेमालो कार्यक्रम सञ्चालन, विवादमुक्त नेतृत्व चयन, एवम् व्यवस्थापनको कार्य गर्ने जिम्मेवार व्यक्तिहरूलाई व्यवस्थापकीय तालिम प्रदान आदि जस्ता कार्यहरू गर्न सकेमा विद्यालयको वित्तीय स्रोत व्यवस्थापन कार्यमा रहेका विद्यमान समस्या समाधान गर्न सकिने राय सरोकारवालाहरूको रहेको पाइयो ।

अध्ययनको प्राप्तिलाई हेर्दा विद्यालयको वित्तीय व्यवस्थापनलाई अझ व्यवस्थित बनाउन विद्यालयका सरोकार निकाय बीच आपसी सम्वन्ध विस्तार भएको पाइयो । विद्यालय र समुदाय बीचमा आपसी सम्बन्ध विस्तार हुनुको कारणबाट नै केही हद सम्म भएतापनि विद्यालयहरूले स्रोत व्यवस्थापनलाई प्रगति उन्मुख बनाएको पाइन्छ । विद्यालयप्रति समुदाय र अभिभावकहरूमा अपनत्वको भावना बढाउनुपर्ने अनिवार्यता देखिन्छ । यसरी विद्यालय र समुदाय बीचमा प्रत्यक्ष सम्पर्कबाट समन्वय भएको अवस्था र त्यसैगरी विद्यालयमा उपलव्ध स्रोतबाट अधिकतम उपलब्धि हाँसिल गर्न वित्तीय योजना, कार्यक्रय र बजेट निर्माण गरी त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न यथासक्य सरोकारवाला बीचमा उचित पहल गरेको खण्डमा यस्ता विद्यालयहरूको स्तर वृद्धि हुने कुरामा दुई मत नहोला ।

यसै गरी विद्यालयले खर्च गर्ने कुरामा विभिन्न ऐन, नीति नियम र वि.व्य.स.को निर्णयको आधारमा अवलम्वन गरेको पाइयो । यसरी खर्च गर्ने क्रममा आर्थिक स्रोत व्यवस्थापनका केही समस्याहरू बाधकको रुपमा भए गरेको पाइयो । जस्तै पर्याप्त बजेट नहुनु, समयमा निकास नहुनु, प्र.अ. लाई पर्याप्त खर्च गर्ने अधिकार नहुनु, खर्चको प्राथमिकता नतोकिनु/निरीक्षण अनुगमनको अभाव जस्ता कारक तत्त्वहरू रहेका छन् ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा अध्ययनको निष्कर्ष र सुझावहरू समेटिएको छ । सञ्चालन अनुमति प्राप्त समुदायका प्राथमिक विद्यालयहरूको वित्तीय स्रोत व्यवस्थापनको अवस्था, स्रोत व्यवस्थापनमा रहेका समस्या, स्रोत व्यवस्थापनका सकारात्मक पक्ष र स्रोत व्यवस्थापनमा रहेका समस्या निराकरणका उपायहरू सम्बन्धमा अन्तर्वार्ता, छलफल, विद्यालयको सर्वेक्षण एवम् दस्तावेज अध्ययन आदिका माध्यमबाट प्राप्त तथ्याङ्कको आधारमा सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

विद्यालयको वित्तीय स्रोत व्यवस्थापनको अध्ययन गर्दा सञ्चालन अनुमति प्राप्त सामुदायिक विद्यालयहरूको मुख्य आम्दानीको स्रोतको रुपमा सरकारी अनुदान नै रहेको देखियो । विद्यालयको कुल आम्दानीको ९८.५ प्रतिशत रकम सरकारी अनुदान र १.५ प्रतिशत रकम चन्दा सहयोग वा अन्यबाट प्राप्त भएको देखिन्छ । यसै गरी कुल आम्दानीको ६१.४५ प्रतिशत रकम तलब भत्तामा खर्च भएको देखिन्छ भने बाँकि ३८.५५ प्रतिशत रकम मात्र विद्यालयको शैक्षिक तथा भौतिक व्यवस्थापनमा खर्च भएको देखिन्छ । अधिकांश दलित तथा जनजातिहरूको अपेक्षित रुपमा आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरू हुनु, विद्यालयप्रति अभिभावकहरूको सकारात्मक धारणामा केही कमी हुनु, सरकारी अनुदानमा कमी हुनु, स्थानीय निकाय एवम् गैर सरकारी संघ संस्थाहरूले गर्ने सहयोगमा कमी हुनु, विद्यालयले मासिक शुल्क उठाउन नपाउनु, विद्यालयको आन्तरिक स्रोत यथोचित रुपमा नहुनु आदि जस्ता कारणले वित्तीय स्रोत सङ्कलन कार्यले आशा अनुरुप सफलता प्राप्त गर्न सकेको देखिँदैन । यसैगरी विद्यालयको नेतृत्व पक्षको व्यवस्थापकीय सीप आवश्यक मात्रामा नहुनु जस्ता कारणले पनि वित्तीय स्रोत व्यवस्थापनमा तीव्रता आउन नसकेको देखिन्छ । यस्ता विविध कठिनाइहरूका बाबजुत पनि केही हदसम्म भए पनि विद्यालयले नगद मौज्दात गर्नुलाई विद्यालयको आर्थिक व्यवस्थापनमा विभिन्न चुनौतीहरू माझ पनि केही आश लाग्दो सम्भावना रहेको देखिन्छ ।

समग्र निष्कर्षमा सञ्चालन अनुमति प्राप्त सामुदायिक विद्यालयहरूप्रति समुदाय तथा अभिभावकको सकारात्मक सोचको विकास गराउन विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति, जि.शि.का. तथा शिक्षासंग सरोकार राख्ने सबैले समान चासो जगाई समय समयमा सो सम्बन्धी जनचेतना जगाउन भेला तथा गोष्ठीको आयोजना गर्नुपर्ने देखिन्छ । यसबाट अभिभावकहरूको सामुदायिक विद्यालयहरूप्रति सकारात्मक सोचको निर्माण गर्न सकिने देखिन्छ ।

### ५.२ सुझावहरू

सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन सम्बन्धमा गरिएको अध्ययनको आधारमा निकालिएको प्राप्ति अनुसार भविष्यमा नीतिगत तहमा लिनुपर्ने निर्णयहरू, अभ्यास तहमा गर्नुपर्ने कार्यहरू र अनुसन्धान तहमा थप ज्ञान हाँसिल गर्नुपर्ने देखिएकाले निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ ।

#### ५.२.१ नीतिगत तह

सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयहरूमा विद्यार्थी र शिक्षक संख्याको बीचमा तालमेल हुन नसक्दा शिक्षकहरूलाई बढी शिक्षण भार परेको देखिन्छ । कतिपय विद्यालयहरूमा विद्यार्थी संख्या कम भएको कारणले शिक्षक बढी भएजस्तो देखिए तापनि कक्षा शिक्षणको हिसावले न्यून रहेको देखिन्छ भने शिक्षक दरबन्दी मिलानको अभाव समेत रहेको देखिन्छ । त्यसैले दरबन्दी मिलान र यस्ता विद्यालयको स्थायी स्वीकृतिलाई शिक्षा मन्त्रालयले मुख्य एजेण्डा बनाएको खण्डमा एकातिर माथिका समस्याहरू हल हुन जान्छन् भने अर्कातिर सरकारलाई आर्थिक भार पनि कम हुन सक्छ ।

लगानी असन्तुलनलाई घटाउन विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी लागत (पि.सि.एफ) को आधारमा अनुदान दिने प्रावधानलाई कडाईका साथ लागू गर्नुपर्दछ । विद्यालयहरू सरकारी अनुदानमा मात्र भर पर्ने स्थितिलाई हटाउन स्थानीय निकायहरू जस्तै गा.वि.स., न.पा. र जि.वि.स ले आफ्नो आम्दानीको केही प्रतिशत रकम अनिवार्य रुपमा शिक्षा क्षेत्रमा खर्च गर्नुपर्ने नीति स्थानीय निकायले बनाउनु पर्दछ । विद्यालयको वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापकीय तालिम अनिवार्य रुपमा प्रदान गर्नु पर्ने नीति जिल्ला शिक्षा कार्यालयले निर्माण गर्नु पर्दछ । यसैगरी विद्यालयको अनुगमन,

मुल्याङ्कनका आधारमा थप कार्यक्रमहरू तय गर्नुपर्ने देखिन्छ । विद्यालयको शैक्षिक स्तर उकास्न नागरिकहरूलाई शैक्षिक कर लगाई पारदर्शी रुपमा त्यसको बाँडफाँड तथा परिचालन गर्ने अनिवार्य नीति सरकारले बनाउनु पर्दछ । गा.वि.स.ले पनि निकासी कर लगाउँदा त्यसको केही भाग शिक्षामा छुट्याएर लगानी बढाउन सके अझ राम्रो हुन सक्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

विद्यालयका हरेक क्रियाकलापको बारेमा जानकारी पाउन सरोकारवालाहरूको अधिकार र जानकारी दिनु विद्यालयको दायित्व हो । त्यसैले विद्यालयमा भए गरेका सवै कुराहरूको जानकारी दिन समय समयमा अभिभावक भेलाको अतिरिक्त अन्य सरोकारवाला निकाय बीचमा अन्तरक्रिया गर्नु पर्दछ । जसले विद्यालय र समुदाय बीचमा सम्वन्ध विस्तार गरि वित्तीय स्रोत व्यवस्थापनमा समेत प्रभावकारीता ल्याउन सक्दछ । अभिभावकहरूमा विद्यालय एक समुदायद्धारा सञ्चालन हुने एकाई हो भन्ने भावना जागृत गराउन अभिभावक सचेतना कार्यक्रमा सञ्चालन गर्नुपर्दछ । विद्यालयले विभिन्न सरकारी तथा गैर सरकारी सहयोगी संस्थाहरूको पहिचान गरेर उक्त संस्थाहरूसंग समन्वय एवं सहकार्य गरेमा विद्यालयले थप वित्तीय स्रोत जुटाउन सक्ने देखिन्छ । त्यसैगरी विभिन्न गैर सरकारी संस्थाहरूले गर्ने सहयोगको प्रभावकारी परिचालनको सुनिश्चितता प्रदान गर्न सकेमा थप सहयोग जुटाउन सकिन्छ । विद्यालयका लागि सहयोग गर्ने व्यक्ति र संस्थाहरूको कदर गर्ने वातावरण निर्माण गर्नुपर्दछ । विद्यालयको स्रोत व्यवस्थापनमा देखिएको समस्याको मुख्य कारण कमजोर आर्थिक हैसियत भएका अभिभावकहरूको बाहुल्यता पनि हो । यसका लागि एकिकृत ग्रामिण विकासको अवधारण अनुरुप विभिन्न संस्थाहरूसंग सहकार्य गरी आय वृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययनबाट सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयको वित्तीय स्रोत व्यवस्थापन सम्बन्धमा निम्न विषयवस्तुहरूको खोजी गर्नुपर्ने देखिन्छ ।

नेपालमा अझै पनि सञ्चालन अनुमति प्राप्त सामुदायिक विद्यालयहरू सरकारी अनुदानमा नै भर पर्नुपर्ने स्थीति रहेको छ । विद्यालयहरूले स्थानीय निकाय र संघ संस्थाबाट अपेक्षित

उपलब्धि प्राप्त गर्न नसक्नुका कारण के हो ? व्यवस्थापकीय कमजोरी हो वा अन्य कारणले स्थानीय निकायहरू विद्यालयलाई सहयोग गर्न चाहँदैनन् ? यो अनुसन्धानको विषय वन्न पुगेको यो अनुसन्धानको विषय वन्न पुगेको छ । यसैगरी सामुदायिक विद्यालयप्रति समुदाय वा अभिभावको धारणा परिवर्तन हुन सकेको छैन । अझै पनि सामुदायिक विद्यालयहरूको विकास गर्ने दायित्व सरकारको हो भन्ने धारणा रहेको देखिन्छ । विद्यालयमा विकेन्द्रिकरणको नीति प्रभावकारी देखिएता पनि अझै स्थानीय स्तरमा अन्योलको स्थिति भने यथावत नै रहेको देखिन्छ । यो स्थिति आउनुको कारण को हो ? खोजी गर्नु आवश्यक देखिन्छ । यसै गरी सञ्चालन अनुमति प्राप्त गर्ने स्थायी स्वीकृति नपाएका विद्यालयहरूको वित्तीय लगानी र शैक्षिक उपलब्धि, वित्तीय पारदर्शिता सम्बन्धमा थप अनुसन्धान गर्नु आवश्यक देखिन्छ । सामुदायिक विद्यालयमा सम्पूर्ण नीति निर्माण तहदेखि जान्ने बुझ्ने हैसियत भएकाहरूका छोराछोरीहरूलाई निजी विद्यालयमा पढाउने गरेको कारण खोजी गर्नुपर्ने देखिन्छ । कारण खोज्दा घर धुरीको आधारमा मत सर्वेक्षण गरी सेवा क्षेत्र भित्र रहेका अभिभावकहरू के कारणले समुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय तिर आकर्षण भएका छन् । त्यो पत्ता लगाइ त्यसको निराकरणको उपाय प्रयोग गर्नु पर्ने अवस्था टड्कारो देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची

काफ्ले, बासुदेव र साथीहरू (२०६०), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, बासुदेव र साथीहरु (२०६७), *शैक्षिक योजना,* काठमाडौं : सनलाइट प्रकाशन ।

के.सी., नारायणी (२०६५), *समुदायमा व्यवस्थापन गरिएका विद्यालयहरुको शोध संकलन र उपयोगको अध्ययन,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : स्टुडेन्ट बुक्स एण्ड डिस्ट्रिव्युटर्स ।

खनाल, मुकुन्दमणि र सुशन आचार्य (२०६३), *शिक्षाको वित्तीय अर्थशास्त्र,* काठमाडौं : मकालु प्रकाशन गृह ।

तामाङ्ग, छत्र (२०६७), *माध्यमिक विद्यालयमा लागत अनुमान विश्लेषण* (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र) शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

दाहाल, महेशराज र अन्य (२०६९), *सरकारी वित्त, वित्तिय प्रणाली तथा अन्तराष्ट्रिय व्यापार,* काठमाडौं : एम.के. पव्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

दाहाल, महेशराज र अन्य (२०६७), *विकास र शिक्षाको अर्थशास्त्र,* काठमाडौं : एम.के. पव्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

नेपाल, जनार्दन (२०६४), *नेपालको शिक्षा प्रणालीको चुनौती र सम्भावना,* काठमाडौं : चन्दावती नेपाल ।

*नेपाल अधिराज्यको संविधान २०७२ ।*

प्रसाईं, गणेश कुमार (२०६६), *सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक श्रोत व्यवस्थापन प्रक्रिया,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

लम्साल, हरिप्रसाद (२०६६), *विद्यालयका लागि अनुदान निर्धारण प्रक्रियाः अभ्यास र असम्भावना,* काठमाडौं : सेरिड ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६२), *शिक्षाका आधारहरू,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०५०), *प्राथमिक विद्यालयका प्रधानाध्यापकका लागि सक्षमतामा आधारित व्यवस्थापन तालिम निर्देशिका,* सानोठिमी, भक्तपुर ।

*शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ संशोधन सहित ।*

सुवेदी, खगेन्द्र (२०६९), *सरकारी वित्त, वित्तिय प्रणाली तथा अन्तराष्ट्रिय व्यापार,* काठमाडौं : के.पी. पुस्तक भण्डार ।

## सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची १

### प्रधानाध्यापकहरूका लागि अन्तर्वार्ता प्रश्नावली

प्र.अ.को नाम - शैक्षिक योग्यता -

विद्यालयको नाम - तह/श्रेणाी-

ठेगाना - शिक्षण अनुभव -

१) तपाईंको विद्यालयको प्रमुख आर्थिक स्रोत के हो ?

क) सरकारी अनुदान ख) चन्दा
ग) विद्यालयको जग्गाको आम्दानी घ) अन्य

२) शिक्षक कर्मचारीको तलब भत्ता बाहेकको रकमले विद्यालयको पक्षको व्यवस्थापन गर्न पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

३) तपाईंको विद्यालयमा आर्थिक स्रोत व्यवस्थापनको पक्ष कस्तो छ ?

क) सबल ख) सङ्कटयुक्त

४) आफ्नो विद्यालयलाई आर्थिक रूपमा सङ्कटमुक्त बनाउन कहाँ कहाँ पहल गर्नु भएको छ ?

क) सरकारी निकाय ख) निजी क्षेत्र

५) आफ्नो कार्यकालमा सरकारबाट प्राप्त अनुदानले विद्यालयको दैनिक कार्य सञ्चालन गर्न नसकेको अनुभव छ ?

क) छ ख) छैन ग) त्यस्तो हुन्न

६) तपाईंको विद्यालयमा पर्याप्त शिक्षकहरू हुनुहुन्छ ?

क) छन् ख) छैनन्

७) विद्यालयलाई आर्थिक सङ्कट आउन नदिन अभिभावकहरूबाट सहयोग पाउनु भएको छ ?

क) छन् ख) छैन ग) चासै छैन

८) सामाजिक लेखा परीक्षक तथा लेखा परीक्षणको बेला अभिभावकहरूलाई जानकारी दिनुहुन्छ ?

क) दिन्छु ख) दिन्न ग) किन दिने र

९) निजी स्रोतबाट तलब भुक्तानी गर्नेगरी शिक्षक कर्मचारीहरू नियुक्त गर्नु भएको छ ?

क) छन् ख) छैनन्

१०) सङ्कलित रकमको खर्चको प्राथमिकता केलाई दिनुहुन्छ ?

क) शिक्षक व्यवस्था ख) फर्निचर ग) खेलकुद

११) आफ्नै स्रोतबाट विद्यालय चलाउन अभिभावक कस्ता छन् ?

क) उत्साहित ख) निष्कृय ग) बन्द गराउने सुरमा

## सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची २

## वि.व्य.स.अध्यक्षका लागि अन्तर्वार्ता प्रश्नावली

नाम - शैक्षिक योग्यता -

विद्यालयको नाम - शिक्षण अनुभव -

१) तपाईंको विद्यालयमा आर्थिक स्रोत व्यवस्थापन पक्ष कस्तो छ ?

क) राम्रो छ ख) नाजुक छ

२) विद्यालयको सहज आर्थिक पाटो तपाईंलाई ज्ञात छ ?

क) छ ख) छैन

३) सरकारी अनुदान भन्दा अन्य थप आर्थिक स्रोतको खोजी गर्नुभएको छ ?

क) छ ख) छैन

४) विद्यालयको आर्थिक पक्षलाई मजबुत बनाउन विद्यालय सञ्चालनमा सहजता बनाउन तपाईंको कुनै भूमिका रहन्छ ?

क) रहन्छ ख) रहदैन

५) विद्यालयका प्र.अ.ले विद्यालयको सम्पूर्ण आयव्यय सम्बन्धी काममा पारदर्शी व्यवहार गर्नुभएको छ ?

क) छ ख) छ जस्तो लाग्छ ग) छैन

६) विद्यालयको आर्थिक लेखापरीक्षणको विल भरपाई प्रति तपाईं पूर्ण सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) हुनै पर्यो ग) छैन

७) विद्यालयको स्रोतबाट तलब खानेगरी कुनै शिक्षक कर्मचारी राख्नुभएको छ ?

क) छ ख) छैन

८) निजी स्रोतको शिक्षक कर्मचारीलाई तलब भुक्तानी गर्ने जिम्मा प्र.अ.लाई नै छाड्नुहुन्छ कि आफ्नो पनि दायित्व ठान्नुहुन्छ ?

क) ठान्छु ख) ठान्दिन

९) विद्यालयमा नियमित र आकस्मिक बैठक तपाईंको अध्यक्षतामा कति पटक बस्ने गरेको छ ?

क) एक पटक ख) दुई पटक ग) बढी मात्रामा

१०) बैठकको निर्णय सर्वसम्मतिमा हुनेगर्छ कि असहमति पनि जनाइन्छ ?

क) सर्वसम्मतिमा ख) केहिको असहमतिमा

११) विद्यालयमा आउने सरकारी अनुदानको सबै आर्थिक स्रोतहरू (शीर्षकहरू) तपाईंलाई थाहा छ ?

क) छ ख) छैन ग) केही थाहा छ

## सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची ३

## शिक्षकहरूका लागि अन्तर्वार्ता प्रश्नावली

नाम - शैक्षिक योग्यता -

विद्यालयको नाम - शिक्षण अनुभव -

१) तपाईं सरकारी दरबन्दी कि निजी स्रोतबाट तलब खानेगरी नियुक्त हुनु भएको छ ?

क) सरकारी अनुदान ख) निजी स्रोत

२) तपाईंहरू सञ्चालित कक्षा अनुपातमा शिक्षकहरू पर्याप्त हुनुहुन्छ ?

ख) छौं ख) दुःखले ग) छौनौं

३) विद्यालयको आर्थिक पक्ष कस्तो छ ?

क) राम्रो ख) नाजुक ग) नराम्रो

४) कक्षा अनुपादमा शिक्षक नहुँदा दैनिक कक्षा सञ्चालन कसरी गर्नुहुन्छ ?

क) बहुकक्षा शिक्षण ख) कक्षा शिक्षण

५) अभिभावकहरूबाट आर्थिक स्रोत सङ्कलन/व्यवस्थापनमा कति सहयोग छ ?

क) राम्रो ख) सामान्य ग) छैन

६) शिक्षक सङ्ख्या न्यून रहेको अवस्थामा हाल सञ्चालित कक्षाहरू आगामी वर्षहरूमा सञ्चालन निरन्तरता पाउलान् ?

क) पाउलान् ख) नपाउलान् ग) भन्न सकिन्न

७) निजी स्रोतबाट तलब खानेगरी नियुक्त शिक्षकहरू केही समय ढिलाई गरी भनी तलब लिदा शिक्षण सेवा गर्न तयार हुनुहुन्छ ?

क) हुन्छु ख) हुदिन

८) विद्यालयको प्र.अ.को आर्थिक कारोवार (व्यवहार) तपाईंहरूको दृष्टिमा पारदर्शी छ ?

क) छ ख) छैन ग) भन्न सकिन्न

९) तपाईंको विद्यालयको सरकारी, निजी आयको सम्पूर्ण स्रोत अनि रकम तपाईंहरूलाई थाहा छ ?

क) छ ख) छैन ग) अलि अलि छ

१०) तपाईं आफ्नै विद्यालयप्रति उत्तरदायी सम्झनु हुन्छ ?

क) सम्झन्छु ख) शिक्षण कार्य मात्र ग) सम्झन्न

## सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची ४

## स्रोतव्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

नाम - शैक्षिक योग्यता -

स्रोतकेन्द्रको नाम - अनुभव -

१) तपाईंको स्रोतकेन्द्र अन्तर्गतका प्रा.वि.हरूमा सरकारी अनुदान कुन कुन शीर्षकमा हुन्छन् ?

क) ...............................................................................

ख) ............................................................................

ग) ................................................................................

घ) ............................... .....................................................

२) विद्यालयहरूले जुन शीर्षकमा निकासा भएको रकम हो त्यही शीर्षकमा खर्च गरेको पाउनु भएको छ ?

क) छ ख) छैन

३) विद्यालयहरूमा गरिएको लेखा व्यवस्थापन तपाईंलाई चित्तबुझ्दो छ कि छैन ?

क) छ ख) छैन

४) लेखा व्यवस्थापनमा सरकारी निकायको तर्फबाट खेलेको भूमिका भए बताइदिनुहोस् ।

क) ...............................................................................

ख) ............................................................................

५) विद्यालय वित्त व्यवस्थापन सम्बन्धी सुधार गर्नका लागि केही सुझावहरू बताइदिनुहोस् ।

क) ...............................................................................

ख) ............................................................................

६) विद्यालयमा हुने आर्थिक कारोबारको अनुगमन तथा सुपरिवेक्षण सरकारी निकायबाट हुने गरेको छ ?

क) छ ख) छैन

७) विद्यालयहरूले वार्षिक रूपमा लेखापरीक्षण गराएका छन् वा छैनन् ?

क) छ ख) छैन

## सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची ५

## अभिभावकहरूका लागि प्रश्नावली

नाम - शैक्षिक योग्यता -

ठेगाना -

१) तपाईंको बच्चा पढ्ने विद्यालयका बारेमा तपाईंलाई थाहा छ ?

क) छ ख) छैन

२) आफ्ना बालबालिकाहरूका लागि तपाईंले पढाइअन्तर्गत कुन कुन शीर्षकमा खर्च गर्नुहुन्छ ?

क) ..................................................................................

ख) ................................................................................

ग) ...................................................................................

घ) ............................... .................................................

३) तपाईंलाई विद्यालयले अभिभावक भेलामा आमन्त्रण गर्छ कि गर्दैन ?

क) गर्छ ख) गर्दैन

४) तपाईंको बच्चा पढ्ने विद्यालयको आम्दानी तथा खर्च बारेमा तपाईंलाई जानकारी छ ?

क) छ ख) छैन

५) विद्यालयका आम्दानीका स्रोतहरू के के रहेछन् ?

क) ..................................................................................

ख) ................................................................................

ग) ...................................................................................

घ) ............................... .................................................

६) तपाईंजस्तै अभिभावकहरूले विद्यालयलाई गर्न सक्ने सहयोग के के हुन सक्छन् ?

क) ..................................................................................

ख) ................................................................................

ग) ...................................................................................

घ) ............................... .................................................

७) तपाईंले बच्चाका लागि विद्यालयमा शुल्क बुझाउनु हुन्छ ? बुझाउनु हुन्छ भने के के शुल्क बुझाउनु हुन्छ ?

क) ..................................................................................

ख) ................................................................................

ग) ...................................................................................

घ) ............................... .................................................

# सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची ६

## अवलोकन फारम

विद्यालयको नाम :- स्थापना मिति :-

विद्यालयको ठेगाना :- शैक्षिक सत्र :-

प्र.अ. को नाम

| अवलोकनीय पक्ष | अवलोकनीय पक्षको मौजुदा स्थीति/प्रतिक्रिया |
|---|---|
| १. तलबी भरपाईको अवस्था | |
| २. छात्रवृति वितरणको पारदर्शिता | |
| ३. अभिभावकहरुको सहयोग रकम | |
| ४. खरिद गरिएका भौतिक सामाग्रीहरुको मौजुदा स्थिती | |
| ५. नीजि श्रोतका शिक्षकहरुको तलव भुत्तानीको अवस्था | |
| ६. प्र.अ. को आर्थिक क्रियाकलापको पारदर्शिता | |
| ७.माग फारमको निर्माण पेश र निकाशा | |
| ८.विद्यालयका फर्निचरहरुको अवस्था | |
| ९. शैक्षिक सामाग्रीहरुको अवस्था र प्रयोग | |

## सञ्चालन अनुमति प्राप्त विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापन

## अनुसूची ७

### विद्यालयहरूको स्रोत सङ्कलन विवरण आ.व.२०६९/०७०

| क्र.सं. | शीर्षकहरू | बालसेवा प्रा.वि | सरस्वती प्रा.वि | सिंहदेवी प्रा.वि | सिद्धेश्वरी प्रा.वि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | बैंक मौज्दात | 1,00,343 | 145181 | 17185 | 10710 | 273419 | 11=93 |
| २. | नगद मौज्दात | 98727 | 1442 | 2500 | 6510 | 109179 | 4=76 |
| ३. | व्याज, जग्गा तथा अन्य आय | 0 | 1000 | 0 | 1000 | 2000 | 0=08 |
| ४. | सरकारी अनुदान शिक्षक तलव भत्ता | 353590 | 354900 | 175795 | 334152 | 1218437 | 53=19 |
| ५. | छात्रवृत्ति | 28400 | 12100 | 7500 | 27500 | 75500 | 3=29 |
| ६. | शैक्षिक सामग्री | 11902 | 6450 | 2320 | 2500 | 23172 | 1=01 |
| ७. | पाठ्यपुस्तक | 17488 | 4513 | 3500 | 27494 | 52995 | 2=31 |
| ८. | व्यवस्थापन | 42000 | 16000 | 7000 | 15000 | 80000 | 3=49 |
| ९. | मसलन्द | 14000 | 16000 | 5300 | 3300 | 38600 | 1=68 |
| १०. | निर्माण निकासा | 250000 | 10500 | 8400 | 10300 | 279200 | 12=18 |
| ११. | बा.वि.के. | 0 | 0 | 32200 | 32200 | 64400 | 2=81 |
| १२. | चन्दा सहयोग | 40000 | 15000 | 7500 | 11200 | 73700 | 3=21 |
|  | जम्मा | 956450 | 583086 | 269200 | 481866 | 2290602 | 100 |

## विद्यालयहरूको स्रोत सङ्कलन विवरण आ.व.२०७०/०७१

| क्र.सं. | शीर्षकहरू | बालसेवा प्रा.वि | सरस्वती प्रा.वि | सिंहदेवी प्रा.वि | सिद्धेश्वरी प्रा.वि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | बैंक मौज्दात | 134586 | 105144 | 44400 | 138364 | 422494 | 16=28 |
| २. | नगद मौज्दात | 39730 | 13020 | 0 | 0 | 52930 | 2=04 |
| ३. | व्याज, जग्गा तथा अन्य आय | 2035 | 2000 | 0 | 0 | 4035 | 0=15 |
| ४. | सरकारी अनुदान शिक्षक तलव भत्ता | 442460 | 442460 | 221230 | 482860 | 1589010 | 61=25 |
| ५. | छात्रवृत्ति | 25250 | 5900 | 9000 | 4800 | 44950 | 1=73 |
| ६. | व्यवस्थापन | 40000 | 20000 | 20000 | 20000 | 100000 | 3=85 |
| ७. | पाठ्यपुस्तक | 14042 | 4026 | 7010 | 3750 | 28828 | 1=11 |
| ८. | मसलन्द | 14000 | 14000 | 14000 | 14000 | 56000 | 2=15 |
| ९. | शैक्षिक सामग्री | 14400 | 5700 | 7200 | 8250 | 35550 | 1=37 |
| १०. | प्र.अ. सापटि | 10434 | 0 | 0 | 0 | 10434 | 0=4 |
| ११. | निर्माण निकासा | 0 | 0 | 250000 | 0 | 250000 | 9=63 |
| | जम्मा | 736937 | 612430 | 572840 | 672024 | 2594231 | 100 |

## आ.व. २०६९/०७० र २०७०/०७१ को संयुक्त वित्तीय आम्दानीको विवरण

| क.सं. | शीर्षकहरू | २०६९/०७० | २०७०/०७१ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | बैंक मौज्दात | 273419 | 422494 | 695913 | 14=24 |
| २. | नगद मौज्दात | 109179 | 52930 | 162109 | 3=31 |
| ३. | व्याज तथा घरजग्गा | 2000 | 4035 | 6035 | 0=12 |
| ४. | शिक्षक तलव भत्ता | 1218437 | 1589010 | 2807447 | 57=47 |
| ५. | छात्रवृत्ति | 75500 | 44950 | 120450 | 3 |
| ६. | शैक्षिक सामग्री | 23172 | 35550 | 58722 | 1=2 |
| ७. | पाठ्यपुस्तक | 52995 | 28828 | 81823 | 1=67 |
| ८. | व्यवस्थापन | 80000 | 100000 | 180000 | 3=68 |
| ९. | मसलन्द | 38600 | 56000 | 94600 | 1=93 |
| १०. | निर्माण निकासा | 279200 | 250000 | 529200 | 10=83 |
| ११. | बा.वि.के. | 64400 | 0 | 64400 | 1=31 |
| १२. | चन्दा सहयोग | 73700 | 0 | 73700 | 1=5 |
| जम्मा | | 2290602 | 2594231 | 4884833 | 100 |

# विद्यालयहरूको आ.व. २०६९/०७० को खर्च विवरण

| क.सं. | शीर्षकहरू | बालसेवा प्रा.वि | सरस्वती प्रा.वि | सिंहदेवी प्रा.वि | सिद्धेश्वरी प्रा.वि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | बैंक मौज्दात | 134586 | 105144 | 20875 | 138364 | 398969 | 17=41 |
| २. | तलव भत्ता | 445360 | 387851 | 201866 | 278074 | 1313151 | 57=32 |
| ३. | नगद मौज्दात | 174001 | 39860 | 0 | 8151 | 222012 | 9=69 |
| ४. | छात्रवृत्ति | 26000 | 10500 | 14000 | 6800 | 57300 | 2=5 |
| ५. | पाठ्यपुस्तक | 14338 | 5636 | 8382 | 4060 | 32416 | 1=41 |
| ६. | शैक्षिक सामग्री र मसलन्द | 6130 | 7201 | 9053 | 14228 | 36612 | 1=59 |
| ७. | भौतिक निर्माण | 135730 | 16700 | 5600 | 6140 | 164170 | 7=16 |
| ८. | परीक्षा, लेखा परीक्षण | 1050 | 905 | 850 | 15000 | 17805 | 0=77 |
| ९. | छपाई | 12707 | 900 | 4300 | 1900 | 19807 | 0=86 |
| १०. | सा.सु. कर | 3548 | 3549 | 1774 | 3549 | 12420 | 0=54 |
| ११. | SIP निर्माण | 3000 | 4840 | 2500 | 5600 | 15940 | 0=69 |
| | जम्मा | 956450 | 583086 | 269200 | 481866 | 2290602 | 100 |

# विद्यालयहरूको आ.व. २०७०/२०७१ खर्च विवरण

| क.सं. | शीर्षकहरू | बालसेवा प्रा.वि | सरस्वती प्रा.वि | सिंहदेवी प्रा.वि | सिद्धेश्वरी प्रा.वि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | बैंक मौज्दात | 62747 | 114155 | 44400 | 138364 | 359666 | 13=96 |
| २. | तलव भत्ता | 505807 | 451616 | 221230 | 498983 | 1677636 | 65=11 |
| ३. | छात्रवृत्ति | 21250 | 5950 | 9000 | 4800 | 41000 | 1=59 |
| ४. | प्रशासनिक खर्च | 10796 | 6700 | 20000 | 0 | 19496 | 0=75 |
| ५. | पाठ्यपुस्तक | 14101 | 5716 | 7010 | 5112 | 31939 | 1=23 |
| ६. | शैक्षिक सामग्री | 2125 | 1370 | 7200 | 0 | 10695 | 0=41 |
| ७. | मसलन्द छपाई | 1773 | 3375 | 9000 | 3950 | 18098 | 0=7 |
| ८. | भौतिक निर्माण | 95015 | 12708 | 250000 | 3870 | 361593 | 14=03 |
| ९. | लेखापरीक्षण | 14000 | 6000 | 5000 | 6000 | 31000 | 1=2 |
| १०. | विविध | 685 | 655 | 0 | 6516 | 7856 | 0=3 |
| ११. | सा.सु कर | 4188 | 4185 | 0 | 4428 | 12801 | 0=49 |
| १२ | आर्थिक सहयोग | 1000 | 0 | 0 | 0 | 1000 | 0=03 |
| १३. | परीक्षा | 3450 | 0 | 0 | 0 | 3450 | 0=13 |
| जम्मा | | 736937 | 612430 | 572840 | 672024 | 2576230 | 100 |

## विद्यालयहरूको आ.व. २०६९/०७० र २०७०/०७१ को खर्चको संयुक्त विवरण

| क.सं. | शीर्षकहरू | आ.व.२०६९/०७० | आ.व.२०७०/०७१ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | बैंक मौज्दात | 398969 | 359666 | 758635 | 15=58 |
| २. | तलव भत्ता | 1313151 | 1677636 | 2990787 | 61=45 |
| ३. | छात्रवृत्ति | 57300 | 41000 | 98300 | 2=01 |
| ४. | पाठ्यपुस्तक | 32416 | 31939 | 64355 | 1=32 |
| ५. | शैक्षिक सामग्री | 36612 | 10695 | 47307 | 0=97 |
| ६. | भौतिक निर्माण | 164170 | 361593 | 525763 | 10=80 |
| ७. | नगद मौज्दात | 222012 | 0 | 222012 | 4=56 |
| ८. | लेखापरीक्षण | 17805 | 31000 | 48805 | 1 |
| ९. | छपाई मसलन्द | 19807 | 18098 | 37905 | 0=77 |
| १०. | सा.सु कर | 12420 | 12801 | 25221 | 0=51 |
| ११. | SIP | 15940 | 0 | 15940 | 0=32 |
| १२ | आर्थिक सहयोग | 0 | 1000 | 1000 | 0=02 |
| १३. | विविध | 0 | 7856 | 7856 | 0=16 |
| १४. | प्रशासनिक खर्च | 0 | 19496 | 19496 | 0=4 |
| १५. | परीक्षा | 0 | 3450 | 3450 | 0=07 |
| जम्मा | | 2290602 | 2576230 | 4866832 | 100 |